प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११४ | काठमाडौं | शनिबार, ३० साउन २०८३ | Prabhab National Daily | Saturday, 15 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-

कांग्रेस एकता देउवाकै भरमा, देउवाको आश अदालततिर





विशेष महाधिवेशनका नाममा विधि विधान मिच्ने काम भएको छ, जसले पार्टीलाई कमजोर बनाएको छ । यस विषयमा सर्वोच्च अदालतबाट न्याय मिल्ने छ भन्नेमा म विश्वस्त छु ।

■ शेरबहादुर देउवा
पूर्वसभापति, नेपाली कांग्रेस



नेपाली कांग्रेसलाई एक ढिक्का गरिकन अगाडि बढेको दिन फेरि देशमा राष्ट्रियता र प्रजातन्त्रको लहर हामी ल्याउँछौं ।

■ डा. शेखर कोइराला
नेता, नेपाली कांग्रेस



नेपाली कांग्रेस एक बनाउने मेरो कर्तव्य हो । कांग्रेस एकजुट भएको खण्डमा कसैले पराजय गर्न सक्दैन ।

■ डा. शशांक कोइराला
नेता, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली कांग्रेस संस्थापनइतर समूहले गत पुसमा भएको विशेष महाधिवेशन अवैध भएको दाबी गर्दै शेरबहादुर देउवाको नेतृत्वमा एकता हुनुपर्ने बताएका छन् । काठमाडौंको सुकेधारामा शुक्रबार सुरु भएको राष्ट्रिय भेलाको उद्घाटन कार्यक्रममा अधिकांश नेताले यस्तो बताएका हुन् ।

हडकडबाट बिहीबारमात्र काठमाडौं उत्रेका पूर्वसभापति देउवाले पनि विशेष महाधिवेशनले पार्टीलाई क्षति पुऱ्याएको दाबी गरे । 'विशेष महाधिवेशनका नाममा विधि विधान मिच्ने काम भएको छ, जसले पार्टीलाई कमजोर बनाएको छ,' उनले भने, 'यस विषयमा सर्वोच्च अदालतबाट न्याय मिल्नेछ भन्नेमा म विश्वस्त छु ।'

विशेष महाधिवेशनपछि अहिले सानेपामा गगन थापाको नेतृत्व छ । गत पुसमा भएको विशेष महाधिवेशनले देउवा समूहलाई केन्द्रीय समितिबाट अपदस्त गरेको थियो । त्यसपछि संघर्षमा उत्रिएको देउवा समूहले संस्थापनलाई पटक-पटक विभिन्न माग अघि सारेका छन् । तर संस्थापनले कुनै सुनुवाइ नगरेपछि इतरपक्षले राष्ट्रिय भेलासम्म पर्खने भनेको थियो ।

यद्यपि हालै अदालतले दिएको निस्साले कांग्रेस फुट तत्कालका लागि रोकिएको छ । कांग्रेसका पूर्वसभापति देउवाले अहिले कांग्रेस मिल्नुको विकल्प नभएकोतर्फ जोड दिए । कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले आफूले अनेकन प्रयास गरी रोक्दा पनि सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गरेको दुखेसो पोखे । खड्काले राष्ट्रिय भेलापछि नेताहरू देशभर कांग्रेस सम्पूर्ण एकताको सन्देश लिएर जानुपर्ने बताए । 'अवैधानिक तरिकाले विशेष महाधिवेशनमार्फत सानेपामा रहेका पदाधिकारीहरूलाई पनि यो एकताले ब्युँझाउने छ, सच्याउने छ,' खड्काले भने ।

कांग्रेसका पूर्वउपसभापति खड्काले अहिले मुलुकको राष्ट्रियता गम्भीर संकटमा रहेको बताउँदै यसको रक्षाका लागि पार्टीको आन्तरिक एकता पहिलो सर्त भएको उल्लेख गरे । 'अहिले नेपालको राष्ट्रियता र संविधानमाथि ठूलो खतरा छ,' मुलुकमा हालै देखिएका जातीय र धार्मिक द्वन्द्वतर्फ संकेत गर्दै खड्काले भने, 'यसलाई जोगाउन कांग्रेसभित्रको पूर्ण एकता र लोकतन्त्रवादी शक्तिहरूको ध्रुवीकरण अनिवार्य छ ।'

⏭ क्रमशः पृष्ठ २ मा

सांसद-आइजिपी सवालजवाफ प्रकरण

उजुरीको भरमा न्यायाधीश नबन्न गृहमन्त्री गुरुङको चेतावनी

- सांसद खगेन्द्र सुनारको एकपछि अर्को अभिव्यक्तिपछि आइजिपी दानबहादुर कार्कीले गुहारे गृहमन्त्रीदेखि सभामुखसम्मलाई
- उजुरीलाई नै भ्रष्टाचार ठानेर न्यायाधीश नबन्न गृहमन्त्री सुधन गुरुङको चेतावनी
- आइजिपी कार्की, गृहसचिव राजकुमार श्रेष्ठ, पूर्वगृहमन्त्री ओमप्रकाश अर्याल र सशस्त्र प्रहरीका पूर्वआइजिपी राजु अर्यालविरुद्ध म्यादी प्रहरीको पोषाक, लाठी र जुत्ता खरिदमा भ्रष्टाचार गरेको उजुरीमाथि लेखा समितिमा छलफलका क्रममा सांसद सुनार र आइजिपी कार्कीबीच चर्कोगरी सवालजवाफ भएको विषय बहसमा



■ जेबी योञ्जन

काठमाडौं– सार्वजनिक लेखा समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनार र नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीबीच भएको सवालजवाफको विषय गृह मन्त्रालय हुँदै सभामुखसम्म पुगेको छ ।

शुक्रबार गृहमन्त्री सुधन गुरुङले सांसद सुनारको अभिव्यक्ति शैलीप्रति आपत्ति जनाउँदै उनलाई न्यायाधीश नबन्न चेतावनी दिए । आरोप र उजुरीकै आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने उनको भनाइ छ । 'प्रहरी प्रमुखमाथि जुन व्यवहार भएको छ, त्यसप्रति मेरो ध्यानाकर्षण भएको छ । त्यसप्रति हामी खुसी छैनौं । वी आर नट हच्याप्पी । आरोप र उजुरीका भरमा हामी न्यायाधीश बन्न पनि हुँदैन,' शुक्रबार प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा उनले भने ।

गृहमन्त्री गुरुङले कुनै व्यक्तिमाथि आरोप लाग्दैमा उसको चरित्र हत्या पनि गर्न नमिल्ने बताए । आरोप प्रमाणित नभएसम्म दोषी करार गर्ने शैली उचित नभएको उनको भनाइ थियो । 'कसैलाई एउटा उजुरीको भरमा हामी न्यायाधीश बन्न मिल्दैन,' उनले भने, 'आरोप भने लगाउन जोसुकैले पनि सक्यो तर त्यो पुष्टि नभएसम्म दोषी करार गरेर समितिमार्फत यस्तो गर्नु राम्रो होइन ।'

आइजिपी कार्कीले सांसद सुनारले समिति बैठकमा अमर्यादित ढंगको व्यवहार देखाएको भन्दै गृहमन्त्री गुरुङसमक्ष गुनासो पोखेका थिए । त्यसपछि आइजिपी कार्कीले संसदीय समितिमा बोलाउने र थर्काउने सांसद सुनारको शैली गलत भन्दै सभामुख डोलप्रसाद अर्यालको पनि ध्यानाकर्षण गराएका थिए । सभामुख अर्यालको सचिवालयले जनाएअनुसार



प्रहरी प्रमुखमाथि जुन व्यवहार भएको छ, त्यसप्रति मेरो ध्यानाकर्षण भएको छ । त्यसप्रति हामी खुसी छैनौं । आरोप र उजुरीका भरमा हामी न्यायाधीश बन्न हुँदैन ।

■ सुधन गुरुङ
गृहमन्त्री

उनले बिहीबारको घटनाप्रति आफ्नो ध्यानाकर्षण भएको र समिति बैठकहरूलाई मर्यादित र गहन छलफल हुने मञ्च बनाइने बताएका थिए ।

शुक्रबार बिहानै पनि सांसद सुनारले आइजिपी कार्कीलाई लक्षित गर्दै सामाजिक सञ्जालमा लेखे, 'आरोप लागेपछि बयान दिने हो, प्रवचन दिने होइन ।' यसले विवाद झनै बल्झाएको हो ।

विवादको सुरुआत भने बिहीबार प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकबाट भएको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीका लागि पोसाक तथा अन्य सामग्री खरिदमा अनियमितता भएको दाबी गर्दै परेको उजुरीमाथि समितिले छलफल गरेको थियो । त्यसका लागि गृहसचिव राजकुमार श्रेष्ठ, नेपाल प्रहरीका आइजिपी कार्की र सशस्त्र प्रहरीका आइजिपी नारायणदत्त पौडेललाई समितिमा बोलाइएको थियो ।


⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

प्रगतिशील मञ्च नेपालको साधारणसभा सम्पन्न

छैटौं अधिवेशनबाट नयाँ नेतृत्व चुनिँदै

■ प्रभाव संवाददाता



काठमाडौं– प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको साधारणसभा सम्पन्न भएको छ । शुक्रबार सम्पन्न साधारणसभापछिको छैटौं अधिवेशनले मञ्चको नयाँ नेतृत्वसमेत चयन गर्ने छ ।

साधारणसभाको प्रमुख आतिथ्यता ग्रहण गर्दै पूर्वयुवा, श्रम तथा रोजगारमन्त्री तथा नेकपा एमालेका केन्द्रीय सदस्य किसान श्रेष्ठले आफू मन्त्री हुँदा कुनै पूर्वाग्रह नराखी वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउनमा केन्द्रित भएको बताए । आफ्नो कार्यकालमा व्यवसायीले निर्धक्क भएर काम गर्ने वातावरण सिर्जना गरेको उनको दावी थियो । हाल जारी व्यवसायीको आन्दोलनमा पार्टीको तर्फबाट ऐक्यबद्धता जनाएको श्रेष्ठको भनाइ छ । उनले व्यवसायीलाई आर्तकित नबनाउन सरकारलाई आग्रहसमेत गरे ।

'नेकपा एमालेको तर्फबाट र मेरो व्यक्तिगततर्फबाट संघको नेतृत्वमा भएको आन्दोलनमा ऐक्यबद्धता जनाउन चाहन्छु । मेरो पार्टीका अध्यक्ष तथा नेताहरूबाट पनि राय लिएर प्रनिनिधिको रूपमा उपस्थित भएको छु,' उनले भने, 'नयाँ गरौं भनेर आएको दुईतिहाइको सरकारलाई स्वागत गर्न चाहन्छु । हामीले तपाईंहरूलाई सहयोग गर्न तयार छौं । तर आर्तकित पारेर, तर्साएर व्यवसायीहरू तर्सिनेवाला छैनन् ।'

श्रेष्ठले आफ्नो कार्यकालमा 'फ्रि भिसा, फ्रि टिकट'को नीति संशोधन गर्न चाहेर पनि नसकेको भन्दै माफीसमेत मागे । 'फ्रि भिसा, फ्रि टिकट कार्यान्वयन गर्न त्यसको डिमाण्ड पनि चाहियो । मेरै पार्टीको नेता प्रधानमन्त्री हुँदा यो वैधानिक छैन भनें तर सुन्न चाहनु भएन,' उनले भने, 'कि यो खारेज गरौं कि सेवा शुल्क तोकौं भनेर कतिपटक प्रयास गर्दा पनि सकिन । यसको लागि माफी पनि चाहन्छु ।'

त्यस्तै, एमाले नेता तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष एलपी सावाँ लिम्बूले आफू व्यवसाय गर्दा फ्रि भिसाकोविरुद्ध आन्दोलन गरे पनि अहिलेसम्म उस्तै अवस्था रहेको बताए । नीति परिवर्तन गरेर व्यवसायलाई व्यवसायलाई व्यवस्थित नगरेसम्म यो क्षेत्र समस्याग्रस्त भइरहने भन्दै लडाइँ जारी राख्न आग्रह गरे । 'नीतिगत सुधार नगरेसम्म यो क्षेत्र व्यवस्थित हुँदैन । तपाईंहरू मुलुकको अर्थतन्त्र थोग्ने पिल्लरको रूपमा हुनुहुन्छ । तर सरकारले दलाल भन्छ । त्यसबाट बदलिनका लागि निरन्तर लडाइँ जारी राख्नपर्छ,' उनले भने ।

कार्यक्रममा संघका अध्यक्ष डिकबहादुर खत्रीले पार्टीको छलफलमा व्यवसायीका समस्या उठाइदिन नेताहरूलाई आग्रह गरे । हालको सरकारले आफूहरूको माग सम्बोधन गर्ला भन्ने अपेक्षाले संघर्षमा उत्रिएको बताए । 'हामीले दुईदेखि छ करोड धरौटी राखेर पेसा सञ्चालन गरिरहँदा कम्तीमा यो पेसालाई सम्मानित बनाएर श्रमिकको हकहित सुनिश्चित गरेर पुस्तान्तरणसम्म गर्न सकिन्छ भन्ने अभियानमा छौं,' उनले भने, 'राज्यसँग अपेक्षासहित हाम्रा विषय उठाइरहेका छौं । यो राज्यविरुद्धको लडाइँ होइन ।'

⏭ क्रमशः पृष्ठ २ मा

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल–चीन सम्बन्ध सात दशकमा बृहत् साझेदारीमा विस्तार



काठमाडौं– परराष्ट्रसचिव अमृतबहादुर राईले नेपाल 'एक चीन सिद्धान्तप्रति' दृढ रहेको र नेपाली भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता पुन: दोहोऱ्याएका छन् ।

उनले नेपाल र चीनबीचको कूटनीतिक सम्बन्ध पञ्चशीलका सिद्धान्त, असल छिमेकीपन, पारस्परिक साझेदारी, सहकार्य, समानता र एकअर्काका भावना र संवेदनशीलताप्रतिको सम्मानमा आधारित रहेको बताए ।

नेपाल र चीनबीचको कूटनीतिक सम्बन्धको ७१औं वार्षिकोत्सव समारोह तथा २०२६ नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगिताको पुरस्कार वितरण समारोहका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा बोल्दै परराष्ट्रसचिव राईले यो वार्षिकोत्सव 'हाम्रो कूटनीतिक पात्रोको एउटा सिलसिलामात्र नभई चिरस्थायी सम्बन्धको प्रमाण हो' भने ।

सात दशकको अवधिमा द्विपक्षीय सम्बन्ध, परम्परागत सम्बन्ध र सांस्कृतिक आदानप्रदानबाट साझा समृद्धिका लागि बृहत् साझेदारीसम्म विस्तार भएको परराष्ट्रसचिव राईले उल्लेख गरे । उनका अनुसार उच्चस्तरीय भ्रमणलगायत विभिन्न तहका आदानप्रदानले नेपाल-चीन सम्बन्धका सबै पक्षमा गतिशीलता र जीवन्तता भर्दै मित्रता बढाएका छन् । द्विपक्षीय सम्बन्धका साथै नेपाल र चीनले नियममा आधारित विश्वव्यापी व्यवस्थाका लागि बहुपक्षीयतामा दृढ प्रतिबद्धता जनाएको र साझा हितका विषयमा विभिन्न बहुपक्षीय मञ्चमा सहकार्य गर्दै आएको उनले उल्लेख गरे ।

एक असल मित्र र नजिकको छिमेकीका रूपमा चीनले हासिल गरेको अद्भूत आर्थिक विकासप्रति नेपालले गौरव गरेको र त्यसबाट सिक्न तथा फस्टाउँदो चिनियाँ अर्थतन्त्रसँग नेपालको आर्थिक सहकार्य पनि गहिरो बनाउन चाहेको उनले स्पष्ट पारे ।

विगत सात दशकमा नेपाल र चीनबीच व्यापार, लगानी, पूर्वाधार विकास, पर्यटन, शिक्षा, संस्कृति र जनस्तरको सम्बन्धमा व्यापक विस्तार भएको छ भन्दै सचिव राईले ट्रान्स-हिमालयन बहुआयामिक सम्पर्क सञ्जाल र यसको शीघ्र कार्यान्वयनलाई नेपालले महत्त्व दिने बताए । सो अवसरमा चिनियाँ राजदूत चाङ माओमिङले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि हालसम्म अन्तर्राष्ट्रिय परिदृश्य जतिसुकै परिवर्तन भए पनि एकअर्कालाई सम्मान, विश्वास र समर्थन गर्दै आएको र सुखदु:खमा सँगसँगै उभिने असल छिमेकी, असल मित्र र असल साझेदार भएको धारणा राखे ।

नेपालमा नयाँ सरकार गठन भएदेखि नेपाल-चीनबीचको राजनीतिक पारस्परिक विश्वास गहन हुँदै गएको र उच्चस्तरीय 'बेल्ट एण्ड रोड सहकार्य' ठोस परिणामसहित अगाडि बढिरहेको चिनियाँ राजदूतको भनाइ छ ।

व्यापार तथा अर्थतन्त्र, पूर्वाधार, सम्पर्क-सञ्जाल, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलगायतका क्षेत्रमा नयाँ प्रगति हासिल भएको भन्दै राजदूत माओमिङले ठूलो संख्यामा चिनियाँ पर्यटक नेपालको अनुपम सुन्दरता हेर्न आइरहेको बताए । दुई देशका जनताबीचको यी सामान्य तर न्यानो आदानप्रदान नै आजको नेपाल-चीन सम्बन्धको वास्तविक जग भएको राजदूत माओमिङको कथन थियो ।

सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङले गरेको नेपालको राजकीय भ्रमणले दुई देशबीचको सम्बन्धलाई 'विकास र समृद्धिका लागि दीर्घकालीन रणनीतिक साझेदारी'को स्तरमा पुऱ्याएको राजदूत माओमिङले स्मरण गरे ।

राजदूत माओमिङले चीनले सधैं शान्तिपूर्ण विकासको बाटो अवलम्बन गर्दै आएको तथा सबै देश उनीहरूको आकार, शक्ति वा जेसुकै आर्थिक अवस्थाजस्तो भए पनि एकअर्कालाई सम्मान, समान व्यवहार गर्नुपर्छ र शान्तिपूर्वक सहअस्तित्वमा रहनुपर्छ भन्ने मान्यता राख्दै आएको विचार व्यक्त गरे ।

उनले चीन नेपालसँग पारस्परिक सम्मान र पारस्परिक लाभमा आधारित भई दुई देशबीचको सम्बन्धलाई अझ अगाडि बढाउन, दुवै देशबीच भएका महत्त्वपूर्ण समझदारी कार्यान्वयन गर्न र नेपाल-चीनबीच साझा भविष्यको समुदाय निर्माणलाई अगाडि बढाउन तयार रहेको जानकारी गराए । राजदूत माओमिङले डिजिटल युगमा छोटा श्रव्यदृश्य सामग्रीले भाषा, दूरी र संस्कृतिका सीमाभन्दा माथि उठेर विषयवस्तुलाई केही सेकेण्डमै व्यापक दर्शकसमक्ष पुऱ्याउन सक्ने भन्दै खुसी व्यक्त गरे ।

यस वर्षको नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगितामा ठूलो संख्यामा भिडियोहरू प्राप्त भएका र प्रतिस्पर्धीहरूले नेपाल-चीन सम्बन्धका विविध आयाम र दुई देशका सुन्दर दृश्य समेटेकामा प्रशंसा गरे । श्रव्यदृश्य सामग्रीमा भावना र आत्मीयता जोडिएको भन्दै उनले नेपाल-चीन सम्बन्ध केवल कूटनीतिक कागजातमा लेखिएको राजनीतिक सहमतिमात्र नभई दुई देशका जनताबीचको व्यापक सहकार्य, आदानप्रदान र भ्रमणमा पनि जीवित रहेको बताए ।

कार्यक्रममा नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगितामा विजयी प्रतिस्पर्धीलाई पुरस्कार वितरण तथा सम्मान गरिएको थियो । प्रतियोगितामा दिपेश स्याङ्दानले प्रथम पुरस्कारसँगै ५० हजार रूपैयाँ प्राप्त गरेका थिए । सो अवसरमा विभिन्न राजनीतिक दलका नेता, कूटनीतिज्ञ, व्यवसायी तथा अन्य क्षेत्रका व्यक्तिको उपस्थिति थियो । *रासस*

काठमाडौं विश्वविद्यालयका उपकुलपतिमा बराल नियुक्त

काठमाडौं (प्रस)– काठमाडौं विश्वविद्यालय (केयू) को उपकुलपतिमा प्रा.डा. विवेक बराल नियुक्त भएका छन् । प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति बालेन्द्र शाहले उपकुलपति छनोट तथा सिफारिस समितिको सिफारिसका आधारमा बरालालाई नियुक्त गरेका हुन् ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नवनियुक्त उपकुलपति बरालालाई शुक्रबार मन्त्रालयमा नियुक्तिपत्र प्रदान गरे । शिक्षामन्त्री पोखरेलको संयोजकत्वमा गठित उपकुलपति छनोट तथा सिफारिस समितिले बरालसहित तीन जनाको नाम प्रधानमन्त्रीसमक्ष सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा प्रधानमन्त्री शाहले बरालालाई उपकुलपति नियुक्त गरेका हुन् ।

गत जेठ १९ गते बसेको काठमाडौं विश्वविद्यालयको सिनेट बैठकले नयाँ उपकुलपति नियुक्तिका लागि शिक्षामन्त्री पोखरेलको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । समितिको सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुंगाना र काठमाडौं विश्वविद्यालय संरक्षण समितिका अध्यक्ष एवं विश्वविद्यालयका संस्थापक उपकुलपति सुरेशराज शर्मा रहेका थिए । बराल काठमाडौं विश्वविद्यालयको मेकानिकल इञ्जिनियरिङ विभागका प्राध्यापक हुन् । उनी काठमाडौं विश्वविद्यालयमा अध्ययन गरी सोही विश्वविद्यालयको उपकुलपति बन्ने पहिलो व्यक्ति हुन् । उनी विश्वविद्यालयको इञ्जिनियरिङतर्फको दोस्रो ब्याचका विद्यार्थी थिए ।

उनले काठमाडौं विश्वविद्यालयबाट मेकानिकल इञ्जिनियरिङमा स्नातक, जापानको टोकियो विश्वविद्यालयबाट स्नातकोत्तर र न्यूजिल्याण्डको अकल्यान्ड विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) गरेका छन् । बरालको विशेषज्ञता इन्धन तथा ऊर्जा, दहन विज्ञान तथा वातावरणीय प्रदूषण, 'थर्मोफ्लुइड इञ्जिनियरिङ' र 'कम्प्युटेसनल फ्लुइड डाइनामिक्स'मा रहेका छन् । उनी उपप्राध्यापक र सहप्राध्यापक हुँदै प्राध्यापक बनेका थिए ।

गर्मी बढेसँगै मधेसमा सर्पदंशका घटना बढे

जनकपुरधाम, गर्मीसँगै मधेस प्रदेशमा सर्पदंशका घटना बढ्न थालेपछि सर्पदंशविरुद्धको औषधि एन्टी स्नेक भेनम प्रदेशका सर्पदंश उपचार केन्द्रमा पठाउन सुरु गरिएको छ । मधेस प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका प्रमुख डा. नागेन्द्र यादवका अनुसार सर्पदंशको उपचार हुने प्रदेशका २७ वटै अस्पताल तथा उपचार केन्द्रमा आवश्यकताअनुसार एन्टी स्नेक भेनम पठाउन थालिएको हो ।

उनले सिरहाको चोहर्वास्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्र र वीरगञ्जस्थित नारायणी अस्पतालमा औषधिको अभाव देखिएपछि तत्कालका लागि क्रमश: ३० र १०० भायल एन्टी स्नेक भेनम पठाइएको जानकारी दिए । अन्य उपचार केन्द्रमा पनि मागअनुसार औषधि पठाउन थालिएको छ । डा. यादवका अनुसार प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा हाल ९०० भायल एन्टी स्नेक भेनम मौज्दात रहेको छ भने थप औषधि आउने प्रक्रियामा रहेको छ । 'सर्पदंशविरुद्धको औषधि कुनै पनि उपचार केन्द्रमा अभाव हुन नदिनेगरी व्यवस्थापन गरिएको छ,' उनले भने । पछिल्ला केही दिनयता अत्यधिक गर्मीका कारण रौतहट, बारा र पर्सालगायत जिल्लामा सर्पदंशका घटना बढेको पाइएको छ ।

वीरगञ्जस्थित नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार अस्पतालमा दैनिक १० देखि १५ जनासम्म सर्पदंशका बिरामी उपचार गर्न आउने गरेका छन् । ग्रामीण क्षेत्रमा खेतबारी तथा घर वरपर सर्पको बढेसँगै जोखिम थपिएको उनले बताए । केही दिनअघिसम्म एन्टी स्नेक भेनमको अभाव देखिए पनि हाल अस्पतालमा १०० भायल औषधि मौज्दात रहेको अस्पतालले जनाएको छ ।

डा. सिंहले सर्पदंशबाट जोगिन राति सुत्दा झुल प्रयोग गर्न, घरवरपरको झाडी सफा राख्न, खेतमा काम गर्दा बुट तथा सुरक्षात्मक सामग्री प्रयोग गर्न तथा सर्पले टोकेपछि झारफुकमा नलागी तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्न आग्रह गरे । *रासस*

पृष्ठ १ बाट क्रमश:

उजुरीको भरमा...

बैठकमा सांसद सुनारले गृहसचिव र प्रहरी प्रमुखहरूमाथि कडा प्रश्न गरेका थिए । उनले प्रहरी पोसाक र जुत्ता खरिदको विषय सामान्य नभएको भन्दै छुट्टै विशेष छानबिन समिति गठन गर्नुपर्ने माग गरे । उनले खरिद प्रक्रियामा संलग्न पदाधिकारीबाटै त्यसको छानबिन गर्न नहुने तर्कसमेत गरेका थिए ।

'प्रहरीको कपडा खरिदमा, जुत्ताहरूको खरिदमा समिति बन्नुपर्छ,' सुनारले भनेका थिए, 'धामीको मुद्दा धामीले, कामीको मुद्दा कामीले, सार्कीको मुद्दा सार्कीले छानबिन गर्न पाइँदैन ।'

सुनारले तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल, तत्कालीन सशस्त्र प्रहरी प्रमुख राजु अर्याल, गृहसचिव श्रेष्ठ र आइजिपी कार्कीलाई समेत खरिद प्रक्रियामा जिम्मेवार ठहर गर्दै छानबिनका लागि पदबाट अलग गर्नुपर्ने माग गरेका थिए ।

'नैतिकता छ भने तपाईंहरूले छोड्नुपर्छ । कानुनी राज्य हो भने बर्खास्ती गरिनुपर्छ, आजै, अहिल्यै राइट नाउ,' उनले भनेका थिए, 'तत्कालीन गृहमन्त्री, गृहसचिव र आइजिपीलाई तत्काल सेवाबाट निलम्बन गरेर, जिम्मेवारीबाट बर्खास्त गरेर, बाहिर ल्याएर कठघरामा राखेर यो विषयमाथि छानबिन हुनुपर्छ ।'

सांसद सुनारको यस्तो अभिव्यक्तिपछि आइजिपी कार्कीले पनि प्रतिवाद गरेका थिए । उनले उजुरी पर्दैमा आरोप प्रमाणित नहुने भन्दै प्रमाणका आधारमा अनुसन्धान र छानबिन हुनुपर्ने बताएका थिए । कार्कीले प्रहरीको पोसाकलाई आधार बनाएर सम्पूर्ण प्रहरी संगठनलाई दोषी देखाउने शैलीप्रति असन्तुष्टि जनाएका थिए । 'आफूहरूले लगाएको बर्दी हेरेर तलकाले पाएन छन्, एक्लै खाएछ भन्ने लागेको भए छानबिन गर्नुहोस्,' कार्कीले चुनौतीको भाषामा बोलेका थिए ।

उनले आफूहरूमाथि विभिन्न आरोप लगाउनेहरू भन्दै सांसद सुनारलक्षित थप प्रश्नसमेत गरेका थिए । 'सबैका आरोपको अहिले मैले पेटारो खोलिदिएँ भने बस्न त कोही सकिन्न जस्तो लाग्छ । ती पनि यहीं खोलूँ ?,' उनले भने ।

यसरी समितिको बैठकमा सांसद र प्रहरी प्रमुखबीच आरोप-प्रत्यारोप चर्किएपछि घटनाको भिडियो तथा अभिव्यक्तिहरू सामाजिक सञ्जालमासमेत चर्चाको विषय बने । बैठकपछि पनि सुनारले आफ्नो अडान फिर्ता लिएनन् । सामाजिक सञ्जालमार्फत उनले प्रहरी पोसाक र सामग्री खरिदसम्बन्धी विषयबाट आफू पछि नहट्ने संकेत गरे । 'हिजोको मुद्दा बर्दी र फुली देखाएर धम्काउँदैमा सकिने विषय हैन,' उनले भने । धेरै तीतो बोल्न बाँकी रहेको बताउँदै उनले छानबिनको मागलाई निरन्तरता दिने संकेत गरेका थिए ।

नभन्दै उनले आइजिपी कार्कीलक्षित अर्को अभिव्यक्ति शुक्रबार दिए । मुद्दा लागेपछि प्रवचन नभई बयान दिने हो भेपछि आइजिपी कार्कीले गृहमन्त्री गुरुङसँग भेट गरेका थिए । लगत्तै सभामुख अर्याललाई भेट गरेका हुन् ।

कांग्रेस एकता...

उनले विशेष महाधिवेशनलगायत अवैधानिक गतिविधिले संगठनलाई अहित गर्ने बताउँदै नेतृत्वलाई सच्याउन दबाब दिनुपर्नेमा जोड दिए । अर्का नेता डा. शेखर कोइरालाले पनि मुलुक संकटग्रस्त अवस्थाबाट गुज्रिरहेको र देशको अस्तित्व तथा राष्ट्रियतामाथि खतरा उत्पन्न भएको बताए । 'यो परिस्थिति किन निर्माण भयो भन्नेबारे हामीले गम्भीर समीक्षा गर्न आवश्यक छ,' संसद् र प्रेस स्वतन्त्रताको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले भने, 'यसलाई चिर्न नेपाली कांग्रेसले नै नेतृत्वदायी भूमिका खेल्नुपर्छ ।'

यस्तो अवस्थामा कांग्रेस एकढिक्का हुनुपर्ने शेखरको भनाइ थियो । 'तपाईंहरू जुन ७७ वटा जिल्लाबाट यहाँ आउनुभएको छ । नेपाली कांग्रेसलाई एक ढिक्का बनाएर अगाडि जानलाई तपाईंहरू आउनु भएको भन्ने मलाई विश्वास छ,' शेखरले भने, 'नेपाली कांग्रेसलाई एक ढिक्का गरिकन अगाडि बढेको दिन फेरि देशमा राष्ट्रियता र प्रजातन्त्रको लहर हामी ल्याउँछौं ।'

पूर्वउपसभापति प्रकाशमान सिंहले पार्टीलाई विधि र विधानअनुसार अगाडि बढाउनुपर्नेमा जोड दिए । विधान मिचेर गरिने गतिविधिले संगठन बलियो नहुने उल्लेख गर्दै उनले विशेष महाधिवेशन विधिसम्मत नभएको दाबी गरे । 'साध्यमा पुग्नका लागि साधन पनि लोकतान्त्रिक हुनुपर्छ भन्ने हाम्रो पार्टीको मुख्य स्कुलिङ हो,' सत्यलाई सत्य र गलतलाई गलत भन्ने साहस राख्नुपर्ने बताउँदै उनको भनाइ थियो ।

नेता कृष्णप्रसाद सिटौलाले निर्वाचन आयोगको कार्यशैली र विशेष महाधिवेशनको मान्यताप्रति कडा आपत्ति जनाए । 'पक्ष र विपक्षको कुरा सुन्दै नसुनी, आधिकारिक रेकर्ड नै नहेरी आयोगले कसरी यस्तो निर्णय गर्न सक्छ ?,' आयोगको निर्णयले निष्पक्षतामाथि गम्भीर प्रश्न खडा गरेको बताउँदै उनले भने, 'सर्वोच्च अदालतले निर्वाचन आयोगको निर्णयमाथि पुनरावलोकनको ढोका खोलेको छ, यसलाई गल्ती सच्याउने अवसरका रूपमा लिनुपर्छ ।' उनले सर्वोच्चको पूर्णइजलासबाट कांग्रेसले न्याय पाउने विश्वास व्यक्त गरे ।

पूर्वउपसभापति विमलेन्द्र निधिले पनि १५औं महाधिवेशन गर्ने वैधानिक अधिकार १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मात्र भएको स्पष्ट पारे । 'धोखाधडी वा कब्जा गरेर बनाइएका कुनै पनि विशेष महाधिवेशन वा कमिटीलाई १५औं महाधिवेशन गराउने कुनै अधिकार छैन,' उनले भने ।

नेता डा. प्रकाशशरण महतले पनि १४औं महाधिवेशनबाट निर्वाचित सभापति देउवालाई विस्थापित गर्न विशेष महाधिवेशनको प्रपञ्च रचिएको आरोप लगाए । सर्वोच्चको डिभिजन बेञ्चको फैसलामा त्रुटि रहेको भन्दै उनले पूर्ण इजलासबाट न्याय पाउने विश्वास व्यक्त गरे । 'नियमित अधिवेशनको सुनिश्चितता हुँदाहुँदै नेतृत्व परिवर्तनको नाममा विशेष अधिवेशनको जुन बाटो रोजियो,' यसले पार्टीलाई मजबुत बनाउनुको साटो अन्योलमात्र सिर्जना गरेको उल्लेख गर्दै उनले भने ।

नेता रमेश लेखकले विशेष महाधिवेशनको माग र त्यसको कार्यविधि नै पार्टी विवादको मुख्य कारण भएको विश्लेषण गरे । 'शल्यक्रियामार्फत समयअगावै सन्तान प्राप्तिको प्रयास गर्दा त्यसले आमा र सन्तान दुवैको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेजस्तै,' विशेष महाधिवेशनलाई अप्राकृतिक कदम भएको उनको भनाइ थियो । 'पार्टीमा पनि विशेष महाधिवेशनले समस्या सिर्जना गरेको छ,' लेखकले भने । उनले १४औं महाधिवेशनको निरन्तरता र १५औं महाधिवेशनको तयारीका पक्षधरबीच समन्वय हुनुपर्नेमा जोड दिए ।

नेता एनपी साउदले आन्तरिक एकताका लागि १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको वैधानिकता अनिवार्य रहेको बताए । 'जबसम्म १४औं महाधिवेशनको समितिलाई पुनर्स्थापित गरिँदैन, तबसम्म कांग्रेसको एकता हुन सक्दैन,' विशेष अधिवेशनको मागले संगठनलाई क्षति पुऱ्याएको दाबी गर्दै साउदले भने । युवा नेताहरूको प्रभावलाई निर्वाचन परिणामले मिथक साबित गरिदिएको उनको टिप्पणी थियो ।

विहान ११:३० बजे भनी बोलाइएको बैठक देउवा २ बजेमात्र आइपुग्दा ढिला सुरु भएको थियो ।

बन्दसत्र आज ९ बजेदेखि

कांग्रेस राष्ट्रिय भेलाको दोस्रो दिन आज बिहान ७ बजेदेखि ९ बजेसम्म सुकेधारास्थित मिराकल पार्टी भेन्यूमै खाजाको समय तोकिएको छ । त्यसपछि ९ बजेबाट बन्दसत्र सुरु हुने कार्यतालिका रहेको सचिवालय संयोजक दीपक कुइँकेलले जानकारी दिएका छन् ।

कार्यतालिकाअनुसार बन्दसत्रको सुरुमा ९ बजेदेखि १२ बजेसम्म छलफलका विभिन्न प्रस्तावहरू प्रस्तुत हुने छन् । जसमा राजनीतिक प्रस्ताव विमलेन्द्र निधि, आर्थिक प्रस्ताव डा. प्रकाशशरण महत, समसामयिक विषयका प्रस्ताव एनपी साउद, सांगठनिक प्रस्ताव उमाकान्त चौधरी र कानुन तथा विधानका प्रस्ताव रमेश लेखकले प्रस्तुत गर्ने छन् । १२ बजेदेखि २ बजेसम्म बिहानको खानाको समय तोकिएको छ । त्यसपछिको कार्यतालिका आज नै सार्वजनिक हुने बताइएको छ ।

प्रगतिशील मञ्च...

त्यस्तै, मञ्चका निवर्तमान अध्यक्ष जनक रावलले आफूले संस्थाको जिम्मेवारी सम्हाल्दा बेथिति तथा विकृतिविरुद्ध निरन्तर आवाज उठाएको बताए । आफूले अध्यक्ष पदलाई संस्थाको गरिमासँग जोडेर काम गरेको स्मरण गर्दै आफू नेतृत्वमा रहँदा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे ।

'मैले यो पदलाई व्यक्तिगत प्रतिष्ठासँग कहिल्यै पनि प्रायोग गरिनँ । जहिले पनि संस्थालाई शिरमा राखेर मञ्चको गरिमालाई मध्यनजर गर्दै काम गरेको छु,' उनले भने, 'व्यक्ति फेरिने प्रक्रिया स्वाभाविक हो तर संस्थाको उद्देश्य फेरिन हुँदैन । आफ्नो कार्यकालमा प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापान गर्दछु ।'

हाल मञ्चमा २९२ व्यवसायी आबद्ध रहेको जनाइएको छ । यो अधिवेशनबाट अध्यक्षसहित तीन जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र तीन जना सचिव गरी नौ पदाधिकारी निर्वाचित हुने छन् ।

सच्याएको बारे

कृष्णपुर नगरपालिका वार्ड नम्बर ४ मालुबेला कञ्चनपुर मा रहेको नमुना सामुदायिक वन उपभोक्ता समूहको मिति २०८३/०४/२२ गते प्रकाशित काठ दाउरा लीलाम बिक्रीको सूचना प्रविधिक कारणले मिति २०८३/०४/२३ गतेको पत्रिकामा प्रकाशित गरिएकोले उक्त सूचना २०८३/०४/२२ गते प्रकाशित गरेको मान्य हुने गरी सम्मन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ

माइग्रेसन हराएको सूचना

मिति २०८३/०२/२७ गते ललितपुर जिल्ला, लगनखेलदेखि पाटनढोका जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : आयुश्मा दाहाल
रजिस्ट्रेसन.नं.: ८१२१९०३०००१०
सिम्बोल नं.: २१९०३५३६
ठेगाना : सानेपा
सम्पर्क: : ९७०८९६२५६६

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/३०

यस सा.व.उ.स. बाट आर्थिक वर्ष २०८२/०८३ संकलन भएको खयर गोलिया काठ जम्मा थान ६२ को परिमाण २९०.६८ क्यूफिट जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स. मा सम्पर्क गर्न अनुरोध छ ।

श्री जनहित महाकाली सामूदायिक वन उपभोक्ता समूह
कृष्णपुर न.पा. -२ कञ्चनपुर

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/३०

यस कम्पनीको मिति २०८३/०४/१९ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **पि.भिजन ईन्जिनियरिङ सोलुसन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **पाइकन टेक्नोलोजी** (प्रा.लि.नं. २०३२४८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्वैच्छिक खारेजीमा रहेको एल. बि. मिट सेन्टर प्रा. लि. को लिक्विडेटर द्वारा जारी गरिएको हक दावि सम्बन्धी सूचना

यस एल. बि. मिट सेन्टर प्रा. लि.द.नं. ३८२२०६/०८२/०८३ लाई यस कम्पनीको मिति २०८३/०३/३२ मा बसेको विशेष बैठकले प्रस्ताव पारित गरी कम्पनीलाई स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदै यस कम्पनी उपर कुनै व्यक्ति, बैक तथा वित्तिय संस्थाहरू, कम्पनी साहु आदि कुनै कसैको केही दावी लेनदेन भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावी तथा सो माथी प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधिभित्र कुनै दावी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर बलराम पन्त (अधिवक्ता)
लिक्विडेटर इ.प.नं. ४०० त्रिपुरेश्वर, काठमाडौं
मो. नं. ९८५११७१६५५, ५८०८२०४०७४
Email Adress: balramp56@gmail.com

हाइड्रो इम्पाएर लिमिटेडको सरोकारवाला शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मितिः २०८३।०४।३०)

यस हाइड्रो इम्पाएर लिमिटेडको व्यावसायिक बिस्तारको लागि थप पूँजीको आवस्यकता परेको हुनाले यस कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार जगेडामा रहेको शेयरहरु प्रति शेयर रु १०० को दरले खरिद गर्नको निमित्त कम्पनीका सञ्चालक तथा संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिन भित्र जगेडा शेयर खरिद गर्ने निवेदन र सो वापतको रकम सहित सम्पर्क गर्न सुचित गरिन्छ, अन्यथा संस्थापक शेयरधनीले खरिद नगरी बाँकी रहेको शेयर अन्य व्यक्ति, कम्पनीलाई बिक्री गर्न सक्ने हुँदा संस्थापक शेयरधनीहरुलाई सहर्ष जानकारिको लागि यो सूचना प्रकाशित गरिन्छ । थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नका लागि अनुरोध गर्दछौ ।

रजिष्टर्ड कार्यालयः का.म.न.पा.-०४, काठमाडौ, नेपाल
फोन नं: ०१५९०१८६६ आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

कतारमा रोजगार

कम्पनी : Amsua Trading & Contracting

पूर्व स्वीकृति मिति : २०८३/03/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/08/२८ LT. No. 326684 चलानी नं. ६०२४०६३२

सि. नं.	कामदारको पद	नाम संख्या पुरुष	महिला	मासिक तलब QR	बे.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हाप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Worker/mason	1	0	1000	४१,८६०	कम्पनी अनुसार	८ घण्टा	६ दिन	कम्पनी अनुसार	छ		२ वर्ष
2	Electrician.	1	0	1200	५०,२३२							
3	Labour	1	0	1000	४१,८६०							
4	Plaster Worker (Mason)	1	0	1200	५०,२३२							
5	Plumber	2	0	1200	५०,२३२							
6	Representative/pro	1	0	2500	१,०४,६५१							
7	Supervisor	0	1	2500	१,०४,६५१							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ ।

रुवदेशमा अरिबे पि.सेटिफाल गर्न लगाउने जाने र फर्ति आउने	रोजगार कम्पनिले सेटिफाल गर्न दिने / नदिने	रुवदेशमा अरिबे बिना खर्च गराउने लाहोलें र फर्ति लाउने	रोजगारमा बिना खर्चमा रुवदेशमा फर्ति लाउने	हवाई टिकट गराउने दिने र फर्ति लाउने	निशा शुल्क गराउने दिने र फर्ति लाउने	सामाजिक सुरक्षा कोष गराउने दिने र फर्ति लाउने (नपालसाथ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अनिवार्यकिरण सुरक्षा फर्ति लाउने र गराउने लाहोलें	निशा दस्तिपत्र शुल्क गराउने लाहोलें
कामदार आफै	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५५/- कामदारले तिर्ने	रु. ९,२००/- कामदार आफैले	नि:शुल्क	रु ३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वराप्तको जानकारी: १) आफ्नो नामथा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई श्रम सुझाउनु होला । सुझाएको रकमको बौचर अनिवार्य लिनुहोला । २। आफू श्रम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासिक निशोनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही कुरामा परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453, Mobile: 9801035459
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

श्रम ईजाजत नं ५७८५/०७४/०७५

सुदूरपश्चिममा बन्यो भट्ट नेतृत्वको सरकार

नवनियुक्त मुख्यमन्त्रीसँगै तीन मन्त्रीले लिए शपथ

■ प्रभाव संवाददाता



कैलाली– सुदूरपश्चिम प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज भट्टले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। शुक्रबार प्रदेश कार्यालयमा आयोजित विशेष समारोहमा प्रदेशप्रमुख नजिर मियाँले मुख्यमन्त्री भट्टलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। शपथ ग्रहणसँगै उनले मुख्यमन्त्रीको पदभार सम्हालेका छन्।

यसअघि शुक्रबार बिहान प्रदेशप्रमुख मियाँले भट्टलाई सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। मुख्यमन्त्री नियुक्तिका लागि भट्टले प्रदेशप्रमुखको कार्यालयमा पुगेर दाबी पेस गरेका थिए। उनको दाबीलाई नेकपा एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले समर्थन गरेका थिए। दाबी पेसपछि प्रदेशप्रमुखले संविधानबमोजिम भट्टलाई मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन्। यससँगै उनी सुदूरपश्चिमको पाँचौं मुख्यमन्त्री बने।

मुख्यमन्त्री भट्टको शपथसँगै सुदूरपश्चिम प्रदेश सरकार गठन गरेका छन्। एमालेबाट सरकारमा सहभागी तीन जना मन्त्रीले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेशप्रमुख नाजिर मियाले उनीहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराएका हुन्। शपथग्रहण गर्ने मन्त्रीहरूमा सन्तोष सर्मा थापा सामाजिक विकासमन्त्री, चक्र मल्ल आर्थिक मामिलामन्त्री र दमन भण्डारी भूमि व्यवस्था तथा सहकारीमन्त्रीको जिम्मेवारी पाएका छन्।

चार वर्षमा चार मुख्यमन्त्री

प्रदेश स्थापनापछि यहाँ पहिलो कार्यकालमा पाँचै वर्ष तत्कालीन नेकपा माओवादी केन्द्रका नेता त्रिलोचन भट्ट मुख्यमन्त्री भएका थिए। प्रदेशसभाको दोस्रो कार्यकालमा भने हालसम्म चार जना मुख्यमन्त्री बनेका छन्।

यहाँ दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्रीमा राजेन्द्रसिंह रावल रहेका थिए। उनले २०७९ पुस २८ देखि सोही वर्षको माघ २६ गतेसम्म जिम्मेवारी सम्हालेका थिए। त्यसपछि नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलका नेता कमलबहादुर शाहले माघ २७ देखि २०८१ वैशाख ५, दीर्घबहादुर सोडारीले वैशाख ६ देखि सोही वर्ष साउन २० गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। त्यसपछि फेरि कांग्रेसका कमलबहादुर शाह दोस्रोपटक मुख्यमन्त्री बनेका थिए। उनी पहिलोपटक एक वर्ष चार महिना आठ दिन र दोस्रोपटक दुई वर्ष आठ दिन मुख्यमन्त्री बने। शाहले सत्ता समीकरण बदलिएपछि बिहीबार पदबाट राजीनामा दिएका हुन्। यसरी दोस्रो प्रदेशसभा कार्यकालको सुरुआतदेखि नै सुदूरपश्चिममा सरकार गठन र विघटनको क्रम चलिरहेको छ। यहाँ कुनै पनि दलको एकल बहुमत नभएकाले केन्द्रमा बन्ने राजनीतिक समीकरणको प्रत्यक्ष प्रभाव पर्दै आएको छ।

हाल ५३ सदस्यीय प्रदेशसभामा नेकपाका २२ र एमालेका ११ सदस्य रहेकाले नयाँ सरकार गठनका लागि आवश्यक बहुमत जुटाउन सहज छ। यहाँ नेपाली कांग्रेसबाट १८ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना प्रदेशसभा सदस्य रहेका छन्। एक जना प्रदेशसभा सदस्यले राजीनामा दिएपछि हाल ५२ जना रहेका छन्।

मानवअधिकार आयोगका प्रतिवेदन कार्यान्वयन गर्न संसदीय समितिको जोड

■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेका प्रतिवेदन तथा सिफारिस कार्यान्वयनमा जोड दिएको छ। समितिको शुक्रबारको बैठकमा राष्ट्रिय मानवअधिकारको वर्तमान अवस्था तथा आयोगका विभिन्न प्रतिवेदनको कार्यान्वयनका बारेमा भएको छलफलमा समिति सदस्यहरूले नागरिकका अधिकारसँग जोडिएका विषयमा सरकारको ध्यानाकर्षण गराउँदै आयोगका सिफारिस कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगप्रति नागरिकको विश्वास रहेकाले मानवअधिकार उल्लंघनसँगै न्याय प्रशासनमा ढिलाइ, उजुरी नलिने तथा अनुसन्धान नभएका विषयका उजुरीसमेत आयोगमा आउने गरेका बताए। उनले सबै समस्याको समाधान आयोगबाट मात्रै सम्भव नहुने भन्दै राज्यका सम्बन्धित निकायसँग सहकार्य र समन्वय आवश्यकता रहेको उल्लेख गरे।

आयोगका सचिव मुरारीप्रसाद खरेलले प्राकृतिक विपद्, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लंघनका घटना बढिरहेका उल्लेख गरे। भौगोलिक विकटताका कारण कर्णालीसहितका क्षेत्रमा नागरिकले अधिकारको पूर्णप्रत्याभूति गर्न नपाएकामा आयोगको ध्यानाकर्षण भएको बताउँदै हरेक नागरिकले आफ्नो अधिकार प्रत्याभूति गर्न पाउनुपर्नेमा आयोगको जोड रहेको उल्लेख गरे।

वैदेशिक रोजगारीमा जाने नेपाली ठगी हुने, करार सम्झौताअनुसार काम नपाउने, जोखिममा पर्नेलगायत समस्यासम्बन्धी गुनासो आयोगमा धेरै आउने गरेका खरेलले बताए। उनले मानवअधिकार उल्लंघनका उजुरीमाथि छानबिन गरी सरकारलाई सिफारिस गर्ने, मानवअधिकारको अवस्था अनुगमन गर्ने, राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिसँग मिलाउन सिफारिस गर्ने तथा मानवअधिकार संस्कृतिको विकासमा काम आयोगले गर्दै आएको जानकारी दिए। आयोगका सिफारिस कार्यान्वयन भए/नभएको अनुगमन गर्ने जिम्मेवारीसमेत आयोगको रहेको उनले बताए।

समिति सदस्यहरू उदयबहादुर बोहरा, धर्मेन्द्र पासवान, सोनामगेल्जेन शेर्पा, श्रीकृष्णप्रसाद अधिकारी, रोश्री मेचे, विष्णुकुमारी सापकोटा, नारायणदत्त मिश्रलगायतले माइतीघरमा आन्दोलनरत नागरिकको माग, मधेस तथा कर्णालीमा दलित र महिलामाथि हुने विभेद, वैदेशिक रोजगारीमा हुने ठगी, सुकुमबासी तथा अव्यवस्थित बसोबास र महँगीका विषयमा आयोगसँग सहकार्य गर्दै सरकारको ध्यानाकर्षण गराउने काम निरन्तर गर्ने बताए।

उनीहरूले नागरिक अधिकार संरक्षणका लागि सरकारलाई थप जवाफदेही बनाउनका लागि आयोगका प्रतिवेदन र सिफारिस कार्यान्वयन भए/नभएको अवस्थाका बारेमा समयमै समीक्षा गर्नुपर्नेमा जोड दिए।

साउदीमा रोजगार

कम्पनी : FALAFEL HOUSE RESTAURANT FOR MEALS

पूर्व स्वीकृति मिति : २०८३/०४/२७ | LT. No. 346390 | चलानी नं. ६०२५९६६२

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Fast Food Maker	3	0	1400	५७,०७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : VALLEY TEA CAFE SERVING BEVERAGES

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346377 | चलानी नं. ६०२५९६६३

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Food And Beverage Attendant	4	0	1000	४०,७७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058

SYNNET INTERNATIONAL PVT.LTD.

Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 014544000, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com

ISO 9001: 2008 Certified Company | Certified No. 70902

मलेसियामा रोजगार

कम्पनी : MAXMEDIA SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०४/११ | LT. No. 345505 | चलानी नं. ६०२५९५२३

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Maintainance M	25	0	1700	६३,५५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : DEFENCE MASTER SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०४/२९ | LT. No. 321589 | चलानी नं. ६०२३५७४१

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guards	1	0	1700	६३,५५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 300/059/60

TRANS WORLD Manpower CO.(P) Ltd.

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ 9841378643 Guna Lal Rai (9768570820), Email: twmanpower@wlink.com.np

कतारमा रोजगार

कम्पनी : SAPTA KOSHI TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०४/२९ | LT. No. 346559 | चलानी नं. ६०२५९६५८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Brick Mason	1	0	1200	५०,२६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Building Carpenter	1	0	1200	५०,२६०							
3.	Building Electrician	1	0	1200	५०,२६०							
4.	Buildings Joiner	3	0	1200	५०,२६०							
5.	DRIVER ALL VEHICLES	3	0	2100	८७,९५५							
6.	DRIVER TRUCK	1	0	2100	८७,९५५							
7.	Dry Clean Worker	2	0	1200	५०,२६०							
8.	ELECTICAL SUPERVISOR	1	0	2500	१०४,७०५							
9.	Factory Foreman	1	0	2500	१०४,७०५							
10.	JOINER	5	0	1200	५०,२६०							
11.	Mason Assistant Builder	5	0	1200	५०,२६०							
12.	PRO/Representative	1	0	2500	१०४,७०५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

मलेसियामा रोजगार

कम्पनी : FC CLUB SDN.BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346514 | चलानी नं. ६०२५९६३७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter/Service Crew /Restaurant Worker	30	0	1700	६३,४९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : TRENDY PRINTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346513 | चलानी नं. ६०२५९६३६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	4	0	1700	६३,४९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : V SEGAR MART SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346513 | चलानी नं. ६०२५९६३८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	(Factory/general) Worker	4	0	1700	६३,४९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +977-1-5147319, 9812861346, Email : infosherpa1@gmail.com

मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.

An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

Unaudited Financial Results (Quarterly)

4th Quarter of financial Year 2082/83

Quarterly Statement of Financial Position

As at 32nd Ashad 2083 (16th July 2026) — Amount in Rs

Particulars	MKCL Upto this Quarter (32nd Ashad, 2083)	Corresponding Previous Quarter (30th Chaitra, 2082)
ASSETS		
Non-Current Assets		
Property, Plant and Equipments	194,489,438	181,973,630
Biological Assets	-	-
Intangible Assets	5,566,177	6,039,546
Investment	418,504,047	225,793,979
Total Non-Current Assets	**618,559,662**	**413,807,155**
Current Assets		
Inventories	231,920,540	137,516,402
Trade and Other Receivables	548,758,959	802,754,846
Income Tax Assets	11,784,677	12,575,314
Prepayments	2,037,177	1,505,664
Cash & Cash Equivalents	53,755,506	8,337,154
Deferred Tax Assets	26,649,737	26,649,737
Total Current Assets	**874,906,596**	**989,339,117**
Total Assets	**1,493,466,258**	**1,403,146,272**
EQUITY AND LIABILITIES		
Equity		
Equity Share Capital	756,000,000	756,000,000
Other Equity	26,332,965	28,342,982
Total Equity	**782,332,965**	**784,342,982**
Liabilities		
Non-Current Liabilities		
Deferred Tax Liabilities	-	-
Total Non-Current Liabilities	-	-
Current Liabilities		
Trade and Other Financial Liabilities	483,079,429	464,831,597
Provisions	6,358,131	8,486,648
Short Term Loan	221,695,734	145,485,045
Total Current Liabilities	**711,133,294**	**618,803,290**
Total Equity and Liabilities	**1,493,466,258**	**1,403,146,272**

Quarterly Statement of Profit or Loss

As at 32nd Ashad 2083 (16th July 2026) — Amount in Rs

Particulars	MKCL Upto this quarter (32nd Ashad, 2083)	Corresponding Previous Quarter (30th Chaitra, 2082)
Revenue from Operations	648,768,975	467,904,985
Less: Cost of Goods Sold	561,179,187	380,953,736
Gross Profit	**87,589,788**	**86,951,249**
Sale of an Investment	43,500,000	
Other Income	**17,044,556**	**7,164,455**
Total Income	**148,134,344**	**94,115,703**
Operating Expenses		
Personnel Expenses	45,731,705	42,555,154
Other Operating Expenses	65,387,910	44,982,393
Financial Expenses	23,915,212	16,277,522
Depreciation and Amortisation Expenses	**9,229,164**	**10,005,386**
Total Operating Expenses	144,263,991	113,820,454
Non Operating (Income)/Expenses	**58,000**	**58,000**
Total Expenses	**144,321,991**	**113,878,454**
Profit before Income Tax	**3,812,353**	**(19,762,751)**
Tax Expenses		
Current Tax	953,088	-
Deferred Tax	-	-
Total Tax Expenses	**953,088**	-
Profit for the Period	2,859,265	(19,762,751)
Basic Earning Per Share (EPS)-Annualized	0.04	(3.49)

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ सँग सम्बन्धित)

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन:

१. **वित्तीय विवरण:**
कम्पनीको हिसाव किताबको लेखाँकन अनुसार आर्थिक वर्ष २०८२/०८३ को बैशाख ०१ देखि आषाढ ३२ सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
आर्थिक वर्ष २०८२/०८३ को कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ। साथै, त्रैमासिक अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमति व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार भएको छैन।

(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तै: प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :**

विवरण	चालू आर्थिक वर्षको चौथो त्रैमाससम्म (अपरिस्कृत)	चालु आ.व. तेस्रो त्रैमाससम्म (अपरिस्कृत)
ऋण पुँजीको अनुपात	२९.३२%	१९.२४%
प्रति शेयर कमाई (वार्षिक)	०.०४	(३.४९)
प्रति शेयर नेटवर्थ	१०३.४८	१०३.७५
प्रति शेयर बजार मूल्य (अन्तिम मूल्य)	११०१	१३५६.५०
मूल्य/आम्दानी अनुपात	२९१०१.८४	(३८९.१८)
सम्पतिमा प्रतिफल	०.२६%	(१.४१%)
पुँजीमा प्रतिफल	०.४९%	(२.५२%)
चालू अनुपात	१.२३	१.६०

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
विशेषगरी वाह्य कारणहरु जस्तै जेनजी आन्दोलन पश्चातको अवस्था, निर्वाचन, बाह्य द्वन्द, डलरको विनिमय दर इत्यादीको कारण कम्पनीको आम्दानी र नाफा उल्लेख्य रुपमा घटना गएको छ। त्यस्तै, वाह्य तथा आन्तरीक सप्लाई श्रृंखलामा भएको ढिलासुस्तीको कारण मौसमी कृषि प्रविधिहरुको मौज्दात अघिल्लो त्रैमासिकको तुलनामा बढेको छ। त्यस्तै गरी आर्थिक मन्दी, अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धि जस्ता विविध कारणले तरलता दबाब परेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
व्यबसायको आकार संगै गुणस्तरीय बिक्री, सेवा व्यवसायको प्रवर्द्धन, उद्योगहरुको स्थापना, नाफा वृद्धि, नगद प्रवाह तथा दिगो मुनाफा वृद्धि गर्ने नै कम्पनीको आगामी अवधीको लागी मुख्य उद्देश्य हुनेछ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेशणात्मक विवरण :**
सरकारी बजेट कार्यान्वयनको अवस्था, मौसमको प्रभाव, बाह्य द्वन्दको अवस्था, समग्र बजारको अवस्था इत्यादीको कारण नाफा तथा नगद प्रवाहमा तात्विक असर गर्न सक्दछ, जसलाई सन्तुलनमा राख्न कम्पनीले विभिन्न व्यवसायिक रणनीतिहरु तथा कार्ययोजना तय गरेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) **चौथो त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
- आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा यस कम्पनीले कुनै व्यक्ति वा संस्थालाई मुद्दा दायर गरेको छैन।
- आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा यस कम्पनी विरुद्ध कुनै पनि व्यक्ति वा संस्थाले मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
- संस्थालाई यस बारेमा कुनै सुचना तथा जानकारी प्राप्त नभएको।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,**
- आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा कम्पनीको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
यस कम्पनीको शेयरहरु नेपाल धितोपत्र बोर्डको रेखदेखमा खुल्ला बजारले तय गरेको मूल्य बमोजिम नियमित रुपमा कारोबार भइरहेको छ।

कारोबार मूल्य			कुल शेयरको कारोबार दिन र संख्या		
अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	जम्मा कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१३८३	१०४३	११०१	६४	३१७२	१,२१,७५२

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या।**

५. **समस्या तथा चुनौती:**

(क) **आन्तरीक समस्या तथा चुनौतीहरु:**
बिक्री लक्ष अनुसार व्यवसाय विस्तार हुन नसक्नु तथा नयां ग्राहक पहिचानमा अपेक्षित प्रगति हुन नसक्नु। मौज्दात व्यवस्थापन र असुलीमा योजना बमोजिम सफलता प्राप्त नहुँदा वित्तीय लागत तथा नगद प्रवाहमा दबाव पर्न गएको।

(ख) **वाह्य समस्या तथा चुनौतीहरु:**
(अ) अमेरिकी डलरको विनिमय दर वृद्धि भएको कारण आयातित बीउ, मल, कृषि सामाग्री, उपकरण तथा अन्य सामानको खरिद मुल्य बढ्न गएको तर प्रतिस्पर्धी बजारमा सोही अनुपातमा बिक्री मूल्य बढाई बिक्री गर्न नसकिएको।
(आ) आर्थिक मन्दीको कारण ग्राहकहरुको क्रयशक्ति कमजोर हुंदा बिक्री मूल्य र बिक्री दुवैमा दबाव परेको।
(इ) अन्तर्राष्ट्रिय युद्ध तथा भूराजनीतिक अस्थिरताका कारण ईन्धन मूल्य बढ्न गई खरिद लागतमा वृद्धि तथा ढुवानी लागतमा पनि वृद्धि हुन गएको।
(ई) कृषि उत्पादनको बजार मूल्यमा हुने उतारचढावले किसान तथा ग्राहकको खरिद क्षमता र मागमा असर पर्न गएको।
(उ) बजार मूल्यलाई प्रतिस्पर्धात्मक राख्नु पर्ने बाध्यताका कारण बढेको लागतलाई बिक्री मूल्यमा समायोजन गर्न नसक्दा औसत नाफादर घटेको।

(ग) **रणनीतिहरु:**
उल्लेखित समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्नको लागि देहायबमोजिमका रणनीतिहरुको विकास गरेको छ।
अ. बजार विस्तार तथा बिक्री अभिवृद्धि गर्न ग्रामीण तथा सम्भावित नयां बजारहरुमा डिलर नेटवर्क विस्तार गर्ने, किसान केन्द्रित प्रचार प्रसार कार्यक्रम संचालन गर्ने तथा बजार माग अनुसारका उत्पादनहरु उपलब्ध गराउने।
आ. ग्राहक तथा किसानसंग प्रत्यक्ष सम्बन्ध मजबुत बनाउन Field Demonstration, Farmers Training, प्राविधिक परामर्श जस्ता कार्यक्रमहरुलाई वृहत रुपमा संचालन गर्ने।
इ. वित्तीय अनुशासन तथा नगद प्रवाह व्यबस्थापन गर्न बक्यौता असुलीलाई प्रभावकारी बनाउने, अनावश्यक खर्च नियन्त्रण गर्दै कार्य प्रणालीलाई थप प्रभावकारी बनाउने।
ई. गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा सेवा व्यवसायको विकास र विस्तार।
उ. परियोजनामा आधारीत व्यवसायहरुको व्यापक वृद्धि।
ऊ. नर्सरीको उत्पादन क्षमता अभिवृद्धि र निर्यात बजार विस्तार गर्ने।

६. **संस्थागत सुशासन:**
कम्पनीले संस्थागत सुशासन कायम गर्नको विभिन्न किसिमका नीतिनियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरेको छ। संचालक समितिको नियमित बैठक, संचालकहरुको नेतृत्वमा लेखा परीक्षण समिति सहित विभिन्न समितिहरु मार्फत आन्तरीक नियन्त्रण गर्ने अभ्यास अवलम्बन तथा योजना र मागमा आधारीत खर्च गर्ने प्रणालीको अवलम्बन गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

‘प्याराग्लाइडिङ’ सुदूरपश्चिमको आकाशमा नयाँ अवसर

> सुदूरपश्चिम लामो समयदेखि प्राकृतिक सम्भावना भएर पनि पर्यटनको मूल प्रवाहबाट टाढा रहँदै आएको छ । राजकाँडा-डुडेझारीको अध्ययनले भने कर्णालीको किनारदेखि चुरेको टाकुरासम्म पर्यटनको नयाँ सम्भावनालाई आकाशसँग जोडेको छ । अब सरकार, निजी क्षेत्र र समुदाय एउटै दिशामा अघि बढ्न सके सुदूरपश्चिमको आकाशमा उड्ने प्याराग्लाइडर केबल साहसिक पर्यटनको साधनमा सीमित हुने छैन । त्यो स्थानीय रोजगारी, लगानी, बजार र पर्यटन सर्किट जोड्ने नयाँ पर्यटन अर्थतन्त्रको उडान बन्न सक्छ ।



एआईमार्फत तयार पारिएको तस्विर

टिकाराम सुनार/सुदूरपश्चिम

बिहानको पहिलो घाम चुरेका डाँडामाथि फैलिएको छ । तल कर्णाली नदीको नीलो घुम्ती, छेवैमा बर्दियाको घना जंगल र टाढासम्म देखिने कैलालीको समथर भूभाग । पाइलटले हावाको दिशा नियाल्दै प्याराग्लाइडरको ‘क्यानोपी’ फुकाउँछ । केही सेकेण्डमै ऊ जमिनबाट छुट्टिएर आकाशतिर उक्लिन्छ । तलका गाउँहरू साना बिन्दुमा बदलिन्छन् । कर्णाली नदी चाँदीको धर्सोझैं देखिन्छ । नदीले बनाएका टापु, चुरेका हरिया डाँडा, थारू बस्ती र तराईका फाँट आँखैअगाडि फैलिन्छन् ।

यो दृश्य हाल कल्पनामामात्र सीमित छ तर कैलालीको राजकाँडा-डुडेझारी क्षेत्रमा गरिएको पूर्वसम्भाव्यता अध्ययनले यही कल्पनालाई व्यावहारिक सम्भावनाका रूपमा अघि सारेको छ । सुदूरपश्चिम प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको उक्त अध्ययनले यहाँ प्याराग्लाइडिङ सञ्चालनका लागि भौगोलिक, प्राविधिक, मौसम, वातावरणीय तथा पर्यटनका आधार रहेको निष्कर्ष निकाल्दै सम्भावित उडान र अवतरण क्षेत्रसमेत पहिचान गरेको छ ।

अध्ययनले प्याराग्लाइडिङलाई एउटा साहसिक खेलका रूपमामात्र नभई निर्माणाधीन जाल्पादेवी केबुलकार, कर्णाली नदी, चिसापानी, टीकापुर पार्क, थारू संस्कृति, होमस्टे र बर्दिया राष्ट्रिय निकुञ्जलगायत गन्तव्यसँग जोड्नसके कर्णालीवारी नयाँ पर्यटन ‘सर्किट’ निर्माण गर्न सकिने सम्भावना औंल्याएको छ ।

अध्ययनले देखाएको आकाश

प्याराग्लाइडिङका लागि आकाशमात्र पर्याप्त हुँदैन । भूगोल, हावाको अवस्था, उडान दूरी, ‘टेकअफ-ल्याण्डिङ’ क्षेत्र र सुरक्षा सबैको संयोजन आवश्यक हुन्छ । यही आधारमा गरिएको अध्ययनले कैलालीको राजकाँडा-डुडेझारी क्षेत्रलाई सम्भावनायुक्त देखाएको हो ।

अध्ययन प्रतिवेदनअनुसार मोहन्याल गाउँपालिका-७ स्थित राजकाँडाको मालिका/जाल्पादेवी मन्दिर आसपासको भिरालो क्षेत्र वा हात्तीढुंगालाई सम्भावित उडान क्षेत्रका रूपमा पहिचान गरिएको छ । चुरे पहाडको टाकुरामा रहेको यो क्षेत्रमा लम्की बजारबाट कच्ची मोटरबाटो तथा चिसापानीबाट पैदलमार्ग हुँदै पुग्न सकिन्छ । हाल चिसापानीबाट यस क्षेत्रमा पुग्ने जाल्पादेवी केबुलकार निर्माणाधीन छ ।

अवतरणका लागि लम्कीचुहा नगरपालिका-३ को डुडेझारी क्षेत्र प्रस्ताव गरिएको छ । खुला भूभाग र उडान क्षेत्रसँगको भौगोलिक अवस्थाले यहाँ प्याराग्लाइडिङका लागि आवश्यक आधार रहेको अध्ययनको निष्कर्ष छ । चुरे पर्वत र कर्णाली नदी उपत्यकाको भौगोलिक संरचनाका कारण ‘भ्याली विण्ड,’ ‘रिज लिफ्ट’ र ‘थर्मल एक्टिभिटी’ जस्ता हावाका अवस्था सिर्जना हुनसक्ने देखिएको छ । तर ‘टर्बुलेन्स,’ ‘रोटर इफेक्ट’ र ‘विण्ड सियर’को जोखिम रहेकाले विभिन्न मौसममा परीक्षण उडान र थप प्राविधिक अध्ययन आवश्यक रहेको प्रतिवेदनले औंल्याएको छ । अध्ययन टोली प्रमुख प्रा.डा. प्रेम शर्मा सम्भाव्यता देखिनु र व्यावसायिक उडान सुरु हुनुबीच अझै महत्त्वपूर्ण चरण बाँकी रहेको बताउँछन् । ‘अध्ययनले सम्भावनाको आधार देखाएको छ । व्यावसायिकरूपमा काम अगाडि बढेमा यहाँको सम्भावना अवसरमा बदलिन सक्छ,’ उनी भन्छन् ।

सम्भावना केबल उडानको होइन

नेपालको पर्यटनमा हिमाल, पदयात्रा, जलयात्रा, धार्मिक तथा प्राकृतिक गन्तव्यले प्रमुख स्थान ओगटेका छन् । पोखरा क्षेत्रले प्याराग्लाइडिङलाई पर्यटनको महत्त्वपूर्ण आधार बनाइसकेको छ तर पश्चिम नेपालका धेरै प्राकृतिक सम्भावना अझै चर्चामै सीमित छन् ।

सुदूरपश्चिममा कर्णाली र महाकालीजस्ता नदी, चुरेका वन, जैविक विविधता, धार्मिक तथा सांस्कृतिक सम्पदा प्रशस्त छन् । यी सबैलाई जोडेर पर्यटकको बसाइँ लम्ब्याउने साहसिक गतिविधि सञ्चालन हुन सकेका छैनन् । यही अभावबीच राजकाँडा-डुडेझारीको प्याराग्लाइडिङले नयाँ सम्भावना देखाएको अध्ययन कम्पनी सिके रिसर्च एण्ड ग्रिनरी प्रमोशन प्रालिका कार्यकारी निर्देशक छिन्दुम भोटेले बताए ।

प्याराग्लाइडिङ पाइलट तथा ‘इन्स्ट्रक्टर’ रामप्रसाद राईका अनुसार यहाँको प्राकृतिक दृश्य आफैंमा पर्यटन उत्पादन बन्न सक्ने आधार हो । ‘माथिबाट हेर्दा कर्णालीको बनोट सप्तकोशीजस्तै छ । नदीले बनाएको दृश्य र डाँडावरिपरिको दृश्य निकै मनमोहक छ । त्यसलाई चिन्न सक्नुपर्छ, र व्यावसायिक योजना अगाडि सार्नुपर्छ, जसले स्थानीय अर्थतन्त्रलाई एउटा महत्त्वपूर्ण आकार दिनसक्छ,’ उनी भन्छन् ।

प्याराग्लाइडिङको वास्तविक सम्भावना उडानपछि सुरु हुने आर्थिक गतिविधिमा देखिन्छ । पाइलट, प्रशिक्षक, गाइड र ग्राउण्ड स्टाफ प्रत्यक्ष रोजगारीका क्षेत्र हुन् । होटल, होमस्टे, यातायात, रेस्टुरेन्ट, फोटोग्राफी, हस्तकला, कृषि तथा स्थानीय उत्पादनको बजार विस्तार भने अप्रत्यक्ष लाभका क्षेत्र हुन् । ‘चिसापानी पर्यटनको केन्द्र बन्ने सम्भावना देख्छु । त्यसले आन्तरिक पर्यटकमात्रै होइन, छिमेकी भारतबाट पनि साहसिक पर्यटकलाई आकर्षित गर्नसक्छ । एउटा नीति तथा योजना बनाएर काम गरेमा यहाँको आकाशले रोजगारी सिर्जना र अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने हाम्रो निष्कर्ष हो,’ अध्ययन टोलीका सदस्यसमेत रहेका राई भन्छन् ।

मोहन्याल गाउँपालिका-७ का वडाध्यक्ष नवराज कठायत व्यावसायिक प्याराग्लाइडिङ सञ्चालन भए स्थानीयस्तरमा रोजगारी र आम्दानीको नयाँ आधार बन्न सक्ने बताउँछन् । ‘समुदायको सहभागितामा यस योजनालाई अघि बढाउन सके मोहन्यालेलगायत यस क्षेत्रको सामाजिक-आर्थिक रूपान्तरणमा टेवा पुग्ने हाम्रो विश्वास छ,’ उनी भन्छन् । लम्कीचुहा नगरपालिका-३ का अध्यक्ष लबबहादुर शाही पनि प्याराग्लाइडिङलाई जल पर्यटन, केबुलकार र राष्ट्रिय निकुञ्जको सफारीसँग जोडेर समग्र पर्यटन विकासका रूपमा अघि बढाउनुपर्ने बताउँछन् ।

क्रमशः पृष्ठ ५ मा

मनसुनसँगै बर्सेनि दोहोरिने चट्याङको त्रास

संगीता राई/सुनसरी

गत असार १३ गते मध्यरात मुसलधारे पानी परिरहेको थियो । इलामको सुन्दर गाउँ रोङ गाउँपालिका-६, सलकपुरका ८८ वर्षीय कालुवीर मोक्तानको चट्याङ लागेर मृत्यु भयो । जीवनको लामो यात्रा पार गरिसकेका मोक्तानका लागि त्यो रातको चट्याङ ‘काल’ बनेर आयो । राति मुसलधारे पानी परिरहेको समय काठको बेरा र टिनको छानो भएको आफ्नो दुईतले घरको बरण्डामा बसिरहेका मोक्तान रातको करिब १:०० बजे अचानक आकाश थर्कियो वर्षासँगै आकाशबाट खसेको त्यही चट्याङको चपेटामा परेर घटनास्थलमै उनको मृत्यु भयो ।

त्यसैगरी, गत असार १४ गते संखुवासभाको मकालु गाउँपालिका-१, चिर्खाडमा चट्याङ लागेर ३९ वर्षीया कुमारी राईको पनि मृत्यु भयो । ठूलो वर्षा र हावाहुरी चलिरहेका बेला घरमा रहेको मिटर बक्स बन्द गर्ने क्रममा चट्याङ लागेर उनी गम्भीर घाइते भएकी थिइन् । उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र नुमतर्फ लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भयो ।

यी घटनाहरू केही उदाहरणमात्र हुन् । जब नेपालमा वर्षायाम सुरु भएसँगै आकाशमा काला बादल मडारिन थाल्छ, सहरबजारभन्दा गाउँघरमा चट्याङको डर र त्रास पैदा हुन थाल्छ । बाढी र पहिरोजस्ता आँखाले देखिने विपद्को चर्चा धेरै भए पनि कुनै पूर्वसंकेतविना आकाशबाट खस्ने चट्याङले हरेक वर्ष दर्जनौंको ज्यान लिने गरेको छ भने करोडौं धनजनको क्षति हुने गर्दछ ।

नेपालमा बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को चर्चा सधैं अग्रपंक्तिमा हुन्छ तर तथ्यांक पल्टाएर हेर्ने हो भने यी ठूला र दृश्य विपद्भन्दा शान्त र अदृश्यरूपमा आउने ‘चट्याङ’ नेपालका लागि उत्तिकै घातक बन्दै गएको देखिन्छ । वर्षा सुरु हुनासाथ आकाशमा चम्किने बिजुली र त्यससँगै आउने गर्जन धेरैका लागि सामान्य प्राकृतिक घटना हुन् तर यही प्राकृतिक घटना केही सेकेण्डमै ज्यान लिने ‘अदृश्य काल’ बन्ने गरेको छ । विशेषगरी मनसुनको समयमा कोशी प्रदेशका पहाडी तथा तराई जिल्लामा चट्याङका घटना बढ्ने गरेका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पछिल्लो पाँच वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ देखि गत आव २०८२/८३ को असार सम्ममा चट्याङका कारण प्रदेशमा ६६ नागरिकले ज्यान गुमाएका छन् भने २१८ जना घाइते भएका छन् । मृत्यु हुनेमध्ये ४४ पुरुष र २२ महिला रहेका छन् । घाइतेमध्ये ११५ पुरुष र १०३ महिला छन् । पुरुषहरू बाहिरी काममा बढी संलग्न रहने भएकाले महिलाको तुलनामा पुरुष बढी चट्याङको जोखिममा पर्ने गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले बताए । कार्यालयका अनुसार आव २०७८/७९ मा १५ जनाको मृत्यु भएको थियो । आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १८ जना तथा आव २०८२/८३ को असार २५ गतेसम्म नौ जनाको चट्याङका कारण मृत्यु भएको तथ्यांक छ ।



कोशी प्रदेशमा पछिल्लो पाँच आर्थिक वर्षको तथ्यांकअनुसार चट्याङका घटनाबाट घाइतेको विवरण हेर्दा सबैभन्दा बढी ओखलढुंगामा पाँच वर्षको अवधिमा ४३ जना घाइते भएका छन् । त्यसैगरी, भोजपुरमा ४० जना, उदयपुरमा ३३ जना, खोटाङमा २७ जना र ताप्लेजुङमा १९ जना घाइते भएका छन् । त्यस्तै, झापा र सुनसरीमा १३/१३ जना, धनकुटामा नौ जना, पाँचथर र मोरङमा आठ/आठ जना तथा सोलुखुम्बुमा छ जना घाइते भएका छन् । इलाम, तेह्रथुम र संखुवासभामा भने उक्त अवधिमा चट्याङबाट घाइते भएको विवरण शून्य रहेको तथ्यांकमा उल्लेख छ । पाँच वर्षको अवधिमा कोशी प्रदेशमा २१८ जना घाइते भएका छन् । चट्याङले विशेषगरी पहाडी जिल्लामा बढी प्रभाव पारिरहेको छ ।

मानिसमात्र होइन, चट्याङले पशुधन र भौतिक संरचनामा पनि ठूलो क्षति पुऱ्याउने गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता थापाका अनुसार पाँच वर्षको अवधिमा चट्याङका कारण एक हजार ३२ वटा पशुचौपाया मरेका छन् भने चट्याङका कारण लागेको आगलागीबाट प्रदेशका १७० वटा घर तथा गोठ जलेर नष्ट हुँदा तीन करोड ७२ लाख ६५ हजार रूपैयाँबराबरको क्षति भएको छ ।

नेपालमा वर्षायाम सुरु हुनासाथ रेडियो, पत्रपत्रिका, अनलाइनदेखि टेलिभिजनसम्म बाढी र पहिरोकै चर्चा र बहस बढी सुनिन्छ तर आफ्नै घरभित्र सुरक्षित बसिरहेका सर्वसाधारणले चट्याङका कारण बर्सेनि ज्यान गुमाउनु परिरहेको तीतो यथार्थ ओझेलमा पर्ने गरेको छ । सहरको तुलनामा ग्रामीण बस्तीहरू चट्याङको उच्च जोखिम हुने गरेको छ । गाउँघरमा प्रायः घरहरू काठ र टिनले बनेका हुन्छन्, जहाँ चट्याङबाट बच्ने ‘अर्थिङ’ (सुरक्षा प्रविधि) जडान गरिएको हुँदैन । पहाडी भेगका स्थानीय बासिन्दामा यसबारे न त पर्याप्त सचेतना नै छ । यस्तो अवस्थामा आकाशबाट खस्ने बिजुलीको एउटै झट्काले परिवारको ओत लाग्ने ठाउँमात्र उजाड बनाउँदैन, घरका सदस्य नै सधैंका लागि खोसेर लैजान्छ ।

> कोशी प्रदेशमा चट्याङका अधिकांश घटना प्रि-मनसुन र मनसुन अवधिमा हुने गरेका छन् । तर, प्रदेशका कुन क्षेत्रमा, कुन समयमा, कति पटक र कति तीव्रतासहित चट्याङ पऱ्यो भन्ने तथ्यांक नियमितरूपमा संकलन गर्ने प्रणाली नहुँदा वैज्ञानिक अध्ययन तथा जोखिम विश्लेषण गर्न कठिनाइ भइरहेको छ । दैनिक, मासिक वा वार्षिकरूपमा चट्याङको अभिलेख राख्ने व्यवस्था छैन । कुन जिल्ला बढी प्रभावित भयो, जोखिमको प्रवृत्ति कस्तो छ भन्ने विषयमा विस्तृत विश्लेषण गर्न पनि कठिन हुने गरेको छ ।

क्रमशः पृष्ठ ५ मा

स्थानीय तहको सहभागितामा मुस्ताङमा जलवायु सम्मेलन हुँदै

मुस्ताङ– आगामी भदौमा आयोजना हुने जलवायु सम्मेलनका लागि मुस्ताङको घरपझोङ गाउँपालिकाले देशभरका ७५३ वटै स्थानीय तहलाई पत्राचार गरेको छ । सम्मेलन भदौ ३० र ३१ गते मुस्ताङको सदरमुकाम जोमसोममा आयोजना हुने गाउँपालिकाले जनाएको छ ।

जलवायु परिवर्तनका कारण उत्पन्न समस्या, चुनौती तथा जलवायु अनुकूलनका विषयमा साझा धारणा बनाउन सम्मेलन आयोजना गर्न लागिएको हो । राष्ट्रिय तथा अन्तर ाष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले गाउँपालिकाले पहिलोपटक ऐतिहासिकरूपमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन आयोजना गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिए ।

संघीय मामिला मन्त्रालयको समन्वयमा सबै स्थानीय तहलाई सम्मेलनमा सहभागी हुन पत्राचार गरिएको उनले बताए । सम्मेलनमा हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेको असरबारे छलफल गरिने छ । साथै जलवायु परिवर्तनको असर न्यूनीकरण र सामना गर्न सामूहिक प्रतिबद्धता जनाउँदै घरपझोङ घोषणापत्र २०८३ जारी गरिने छ ।

सम्मेलनका लागि छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४५९ गाउँपालिकालाई एकैसाथ लिखित पत्राचार गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले जानकारी दिए । सम्मेलनमा जलवायु परिवर्तनका कारण स्थानीय तहमा देखिएका समस्या, विपद् तथा प्रभाव पहिचान गर्दै त्यसको न्यूनीकरणका उपाय र रणनीतिबारे छलफल हुने छ । कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको काखमा बसेर बृहत् छलफल गरी हिमाली जिल्लाका तर्फबाट जलवायु घोषणापत्र जारी गर्ने तयारी गरिएको छ ।

सम्मेलनबाट जारी हुने साझा घोषणापत्रमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा आवाज बुलन्द गर्ने उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ ।

सम्मेलनमा जलवायु परिवर्तनका असरसम्बन्धी फोटो प्रदर्शनीसमेत आयोजना गरिने छ । त्यसका लागि सबै स्थानीय तहलाई भदौ १५ गतेभित्र जलवायु परिवर्तनका असर झल्कने तस्बिर पठाउन अनुरोध गरिएको छ । स्थानीय तहका धारणा तथा घोषणापत्रमा समेट्नुपर्ने विषयसमेत उल्लेख गरी सोही मितिभित्र मस्यौदा पठाउन आग्रह गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए ।

गाउँपालिकासँग भगिनी सम्बन्ध जोडिएका स्थानीय तह तथा मुस्ताङका अन्य स्थानीय तहको सहयोगमा सम्मेलनको तयारी भइरहेको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिमपहिरो, हिमताल फुट्ने, बाढीपहिरो र नदी कटानजस्ता प्राकृतिक विपद् बढिरहेका छन् । कृषि, पशुपालन, धर्म/संस्कृति तथा जैविक विविधतामासमेत जलवायु परिवर्तनको ठूलो असर परेको छ ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा असमान हिमपात हुने, खानेपानीका मुहान सुक्दै जाने, चरन क्षेत्र घट्दै जाने तथा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्ने समस्या देखिएको छ । यसले पशुपालन व्यवसायसमेत प्रभावित हुन थालेको छ । *रासस*

गत्लाङमा डिजिटल 'क्युआर कोड' पुस्तकालय निर्माण

साउन– जैविक विविधताले भरिपूर्ण हिमाली जिल्ला रसुवाको गत्लाङ वन क्षेत्रलाई प्रविधिमैत्री बनाउने उद्देश्यले 'क्युआर कोड' पुस्तकालय निर्माण गरिएको छ । करिब १७ वर्ष अगाडि लागेको डढेलोबाट भग्नावशेष बनेको वनको पुनरुत्थान गर्दै यहाँका रूखहरूमा 'क्युआर कोड' टाँसेर कागजविहीन नवीन पुस्तकालय निर्माण गरिएको हो ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) वन विज्ञान अध्ययन संस्थानले 'वनभित्रको पुस्तकालय' अवधारणाअन्तर्गत यो परियोजना कार्यान्वयनमा ल्याइएको जनाएको छ । वि.सं. २०६५ मा आमाछोदिङमो गाउँपालिका-३ गत्लाङको ज्यार्सा गोठेन सामुदायिक वनमा करिब १०० दिनसम्म लागेको डढेलोले ४६६ हेक्टर क्षेत्र नष्ट गरेको थियो ।

भग्नावशेष वनको पुनरुत्थानका लागि जिल्लास्थित डिभिजन वन कार्यालय, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र त्रिवि वन विज्ञान अध्ययन संस्थानको संयुक्त सहकार्यमा यही साउन १२ गते ड्रोनमार्फत २३० किलो स्थानीय घाँस प्रजातिका बिरुवा छरेको छ ।



पुनर्जीवित वन क्षेत्रलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्न त्रिविले वनभित्र प्रविधिको प्रयोग गरेको हो । 'यो पुस्तकालयमा भौतिक पुस्तकहरू छैनन् । वनका रूखमा काठबाट बनेका क्युआर कोड टाँसिएका छन् । हाल वन क्षेत्रमा ४७ वटा र आमाछोदिङ्मो गाउँपालिका कार्यालयमा तीन कोड राखिएका छन्,' परियोजनाको नेतृत्व गरिरहेका प्राध्यापक राजेश राईले भने ।

उनका अनुसार क्युआर कोडमार्फत सिधै त्रिविको वेबसाइटमा राखिएका ज्ञानवर्द्धक सामग्रीहरू पढ्न सकिन्छ । 'हाल यसमा २० वटा सामग्री उपलब्ध छन्, जसलाई वन विज्ञानका विद्यार्थीले संकलन र लेखन गरेका हुन् । यी सामग्रीहरूलाई प्रत्येक वर्ष परिमार्जित गर्दै लग्नेछौं,' उनले भने ।

प्राध्यापक राईका अनुसार भौतिक पुस्तकालय बनाउनुभन्दा क्युआर कोड प्रविधि अपनाउँदा मानिसमा चासो र अन्तरक्रिया बढ्ने तथा लागत पनि कम पर्ने देखिएपछि यो बाटो रोजिएको हो । 'जंगलभरि क्युआर कोड राखिदिएपछि पदयात्रामा हिँडेर थकाइ मार्न बसेका मानिसले कोड स्क्यान गरेर हेरेपछि जानकारी लिन सक्छन्,' उनले भने, 'त्रिविकै वेबसाइटअन्तर्गत अलग पेज बनाएर सामग्री राख्दा संसारको जुनसुकै कुनाबाट पनि यसको सञ्चालन र मर्मत गर्न सकिने भएकाले यो भौतिक पुस्तकालयभन्दा दिगो हुने विश्वास छ ।'

प्राध्यापक राईका अनुसार यो केवल क्युआर कोडमात्र नभएर जंगल, समुदायका कथासँग जोड्ने एउटा खुला पुस्तकालय हो । वन क्षेत्रमा पदयात्रा गर्नेहरूमात्र नभई विश्वको जुनसुकै कुनामा रहेका व्यक्तिले पनि इन्टरनेटका माध्यमबाट यी सामग्री अध्ययन गर्न सक्छन् । *रासस*

पृष्ठ ४ बाट क्रमशः

प्याराग्लाइडिङ....

'सम्भावनाको कुरामात्रै गरेर हुँदैन । प्रदेश सरकारले त्यसको सार्थकताका लागि बाँकी काम अघि बढाउनुपर्छ । त्यसमा स्थानीयस्तरमा सहयोग गर्न हामी तयार छौं,' उनी भन्छन् ।

उडान एउटा, गन्तव्य धेरै

राजकाँडा-डुडेझारीको प्याराग्लाइडिङको ठूलो सम्भावना यसलाई छुट्टै गतिविधिका रूपमा नभई वरपरका गन्तव्य जोड्ने पर्यटन उत्पादनका रूपमा विकास गर्नुमा देखिन्छ । राजकाँडाबाट उडान गर्दा कर्णाली नदी, चिसापानी, चुरेका वन, तराईका फाँट र बस्तीको दृश्यावलोकन गर्न सकिन्छ । त्यसमा जाल्पादेवी मन्दिर र केबुलकार, चिसापानीको ¥याफ्टिङ, कायाकिङ तथा अन्य जल पर्यटन, टीकापुर पार्क, थारू संस्कृति, होमस्टे र स्थानीय परिकार जोड्न सकिन्छ ।

पश्चिमतर्फ घोडाघोडी ताल र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसम्म पर्यटन सञ्जाल विस्तार गर्न सकिने सम्भावना रहेको अध्ययन टोली प्रमुख प्रा.डा. शर्मा बताउँछन् । 'कर्णाली पुल, कर्णाली नदी, बर्दिया राष्ट्रिय निकुञ्ज, मोहना नदीका डल्फिन, थारू संस्कृति, टीकापुर पार्क, स्थानीय परिकारदेखि शुक्लाफाँटाको बाह्रसिंगेसम्मलाई जोडेर पर्यटकीय सञ्जाल विस्तार गर्न सकिन्छ,' उनी भन्छन् ।

यसरी एउटा प्याराग्लाइडिङ उडान बहुदिने पर्यटन 'प्याकेज'मा बदलिन सक्छ । पर्यटक उडेर फर्किनेमात्र होइन, केबुलकार चढ्ने, मन्दिर जाने, नदीमा रमाउने, होमस्टेमा बस्ने, स्थानीय खाना खाने र स्थानीय उत्पादन खरिद गर्ने अवस्थामा पुग्न सक्छ । यसले पर्यटकको बसाइँसँगै स्थानीय बजारमा हुने खर्च पनि बढाउन सक्छ । लम्कीचुहा उद्योग वाणिज्य संघका अध्यक्ष दीपककुमार तिमिल्सिना पर्यटकको बसाइँ र स्थानीय बजार विस्तार हुने भएकाले यस क्षेत्रमा निजी लगानी बढाउनुपर्ने बताउँछन् ।

केबुलकारसँगै नयाँ पर्यटन उत्पादन

राजकाँडा-डुडेझारीको प्याराग्लाइडिङ सम्भावनालाई निर्माणाधीन जाल्पादेवी केबुलकारले थप अर्थपूर्ण बनाएको छ । केबुलकार र प्याराग्लाइडिङ एउटै पर्यटन उत्पादनका दुई फरक अनुभव बन्न सक्छन्- एउटाले पर्यटकलाई पहाडको टाकुरासम्म पुऱ्याउने र अर्कोले त्यही उचाइबाट आकाशको यात्रा गराउने । जाल्पादेवी केबुलकार प्रालिका अध्यक्ष चन्द्रराज ढकाल सरकारले प्राविधिक तथा नीतिगत आधार तयार गरे निजी क्षेत्र सहकार्यका लागि तयार रहेको बताउँछन् ।

'सरकारले नीति बनाउने, निजी क्षेत्रले लगानी गर्ने र स्थानीय समुदायले अपनत्व लिने अवस्था बनेमा सम्भावनालाई अवसरमा बदल्न सकिन्छ । अहिले त्यहाँ जाने आधार तयार गर्न हामी केबुलकार निर्माणको अन्तिम चरणमा छौं । त्यसपछि तीनै पक्ष मिलेर सम्भावित थप क्रियाकलाप गर्न सकिन्छ,' उनी भन्छन् ।

कार्यकारी निर्देशक भोटे पनि केबुलकारसँग सहकार्य गरेर व्यावसायिक उठानका लागि काम हुन सके थोरै लगानीमा छिट्टै लाभ लिने अवस्था बन्ने बताउँछन् । 'प्रदेश सरकारले नीतिगत, प्राविधिक र कानुनी आधार तयार गरिदिएमा हाल सञ्चालनमा रहेको केबुलकारसँगै सहकार्य गरेर छिटो काम हुनसक्छ । त्यसले कबुलकार चढेर गएको मान्छे, प्याराग्लाइडिङ चढेर फर्किने, जंगल सफारी, कर्णालीमा ¥याफ्टिङ गरेर एउटै यात्रामा मनोरञ्जन लिने अवसर छ । त्यसको उपयोग गर्न सक्नुपर्छ,' उनले भने ।

अब कार्यान्वयनको पालो

सम्भाव्यता अध्ययनले आकाश देखाएको छ । निजी क्षेत्रले लगानीको इच्छा देखाएको छ । स्थानीय तहले रोजगारी र पर्यटन विकासको सम्भावना देखेका छन् । निर्माणाधीन केबुलकारले पूर्वाधारको अर्को आधार थप्दै छ, तर यी सबै सम्भावनालाई व्यावसायिक पर्यटनमा बदल्न अब कार्यान्वयनको चरण सुरु गर्नुपर्ने छ । प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख डबलबहादुर बोहराका अनुसार व्यावसायिक उडानअघि पूर्वाधार, सुरक्षा प्रणाली, मौसमसम्बन्धी थप तथ्यांक, परीक्षण उडान, दक्ष पाइलट, हवाई क्षेत्रसम्बन्धी स्वीकृति र आपत्कालीन व्यवस्थापन सुनिश्चित गर्नुपर्ने छ ।

विस्तृत लागत-लाभ विश्लेषण र वित्तीय प्रक्षेपणसहित थप अध्ययन पनि आवश्यक रहेको उनको भनाइ छ । 'सुरक्षित उडानका लागि स्पष्ट नीति, 'टेकअफ-ल्याण्डिङ' क्षेत्र व्यवस्थापन, आपत्कालीन उद्धार प्रणाली, बिमा, हवाई क्षेत्रसम्बन्धी स्वीकृति र दक्ष जनशक्ति आवश्यक छ । यस्तै, निजी क्षेत्रसँग साझेदारीको स्पष्ट ढाँचा र स्थानीय समुदायको क्षमता विकास पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा थप काम गर्छौं,' उनले भने ।

उद्योग वाणिज्य संघका अध्यक्ष तिमिल्सिना स्थानीय समुदायको जीवन र सुदूरपश्चिमको पर्यटन अर्थतन्त्रमा योगदान पुग्नेगरी निजी क्षेत्र र सरकारले आवश्यक सहकार्य गरी चाँडै पूर्वाधार निर्माण र लगानी बढाउनुपर्ने आवश्यकता औंल्याउँछन् । 'पर्यटक आएरमात्र अर्थतन्त्र बन्दैन । पर्यटकले गर्ने खर्च स्थानीय होटल, होमस्टे, यातायात, खाना, गाइड, हस्तकला र कृषि उत्पादनहुँदै समुदायभित्र कति समय र कति तहसम्म घुम्छ भन्ने कुराले वास्तविक लाभ निर्धारण गर्छ । त्यसको तयारीका लागि पनि सहकार्य आवश्यक छ,' उनले भने ।

सुदूरपश्चिम लामो समयदेखि प्राकृतिक सम्भावना भएर पनि पर्यटनको मूल प्रवाहबाट टाढा रहँदै आएको छ । राजकाँडा-डुडेझारीको अध्ययनले भने कर्णालीको किनारदेखि चुरेको टाकुरासम्म पर्यटनको नयाँ सम्भावनालाई आकाशसँग जोडेको छ । अब सरकार, निजी क्षेत्र र समुदाय एउटै दिशामा अघि बढ्न सके सुदूरपश्चिमको आकाशमा उड्ने प्याराग्लाइडर केबल साहसिक पर्यटनको साधनमा सीमित हुने छैन । त्यो स्थानीय रोजगारी, लगानी, बजार र पर्यटन सर्किट जोड्ने नयाँ पर्यटन अर्थतन्त्रको उडान बन्न सक्छ । *रासस*

■■■

मनसुनसँगै बर्सेनि....

जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ विभागीय मौसमविद् विभूति पोखेलले पछिल्ला केही वर्षयता मौसममा देखिएको अस्थिरता र जलवायु परिवर्तनको प्रभावका कारण मेघगर्जनसहित चटचाङका घटना बढ्दो क्रममा देखिएको बताइन् । 'मनसुन तथा प्रि-मनसुन अवधिमा मौसममा अचानक परिवर्तन भई मेघगर्जन, हावाहुरी र वर्षासँगै चटचाङ पर्ने सम्भावना उच्च रहने भएकाले विशेष सतर्कता आवश्यक हुन्छ,' उनले भनिन् ।

चटचाङ प्रायः खुला स्थानमा रहेका मानिसलाई बढी प्रभावित गर्छ । खेतबारीमा कृषि कार्य गरिरहेका किसान, पशुचौपाया चराइरहेका गोठाला, जंगलमा घाँस दाउरा संकलन गर्न गएका स्थानीय तथा खुला चौर, डाँडाकाँडा वा नदीकिनारमा रहेका व्यक्तिहरू बढी जोखिममा पर्ने गरेको उनको भनाइ छ । ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अधिकांश काम खुला वातावरणमै हुने भएकाले चटचाङबाट हुने मानवीय क्षति पनि पहाडी भेगका ग्रामीण क्षेत्रहरूमा तुलनात्मकरूपमा बढी देखिने गरेको उनले बताइन् ।

मौसमविद् पोखेलले भनिन्, 'मौसम खराब हुने संकेत देखिनसाथ खुला स्थानबाट सुरक्षित आश्रयमा जानुपर्छ, अग्ला रुखमुनि बस्न हुन्न, बिजुलीका पोल, टेलिफोनका तार, ट्रान्सफर्मर तथा अन्य धातुजन्य संरचनाबाट टाढा रहन सके चटचाङको जोखिम कम हुन्छ ।' सकेसम्म पक्की भवनभित्र बस्ने, झ्याल-ढोका बन्द गर्ने, विद्युतीय उपकरणको अनावश्यक प्रयोग नगर्ने तथा मौसमसम्बन्धी सूचना र पूर्वानुमान नियमितरूपमा पछ्याउने बानी बसाल्नुपर्ने उनको सुझाव छ ।

चटचाङबाट हुने क्षति न्यूनीकरणका लागि व्यक्तिगत सावधानीमात्र पर्याप्त भने हुँदैन । विद्यालय, स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायले नियमितरूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, चटचाङबाट बच्ने उपायबारे नागरिकलाई जानकारी गराउनु तथा मौसमसम्बन्धी पूर्वसूचना प्रभावकारीरूपमा स्थानीयस्तरसम्म पुऱ्याउनसके मानवीय तथा भौतिक क्षति घटाउन सकिने मौसमविद् पोखेलको भनाइ छ ।

अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' आवश्यक

चटचाङ कहाँ, कहिले, कति पटक र कति तीव्रतासहित परेको थियो भन्ने वैज्ञानिक अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' अपरिहार्य मानिन्छ । कोशी प्रदेशमा यस्तो प्रणाली प्रभावकारीरूपमा सञ्चालनमा नहुँदा चटचाङका घटनाको विस्तृत र वैज्ञानिक अभिलेख राख्न चुनौती रहेको छ । जल तथा मौसम विज्ञान कार्यालय धरानका सूचना अधिकारी रूपक थापाका अनुसार प्रदेशभर चटचाङको स्थान, समय, आवृत्ति र तीव्रता मापन गरी अभिलेख राख्ने प्रणाली हाल सञ्चालनमा छैन । उनका अनुसार कोशी प्रदेशमा अहिले विराटनगर विमानस्थलमा रहेको 'लाइटनिङ डिटेक्टर'बाट मात्रै सीमितरूपमा विवरण प्राप्त हुने गरेको छ । विमानस्थलको हवाई सेवा सञ्चालनसँग सम्बन्धित प्रयोजनका लागि जडान गरिएको उक्त उपकरणले विमानस्थल सञ्चालन अवधिमामात्र रेकर्ड गर्ने भएकाले प्रदेशभरका चटचाङका घटनाको समग्र विवरण संकलन गर्न पर्याप्त नरहेको उनको भनाइ छ ।

लाइटनिङ डिटेक्टर उपकरण धरानमा पनि छ तर धरानमा रहेको लाइटनिङ डिटेक्टर उपकरण केही वर्षअघिसम्म सञ्चालनमा रहे पनि अहिले बिग्रेको अवस्थामा रहेको छ । आवश्यक मर्मत तथा स्तरोन्नति हुन नसक्दा उपकरण पुनः सञ्चालनमा आउन सकेको छैन । थापा भन्छन्, 'धरान कार्यालयमा रहेको लाइटनिङ डिटेक्टर लामो समयदेखि बिग्रिएको कारण अहिले कोशी प्रदेशमा विराटनगर विमानस्थलबाहेक अन्यत्र चटचाङ मापन गर्ने प्रभावकारी प्रणाली छैन ।'

कोशी प्रदेशमा चटचाङका अधिकांश घटना प्रि-मनसुन र मनसुन अवधिमा हुने गरेका छन् । तर, प्रदेशका कुन क्षेत्रमा, कुन समयमा, कति पटक र कति तीव्रतासहित चटचाङ पऱ्यो भन्ने तथ्यांक नियमितरूपमा संकलन गर्ने प्रणाली नहुँदा वैज्ञानिक अध्ययन तथा जोखिम विश्लेषण गर्न कठिनाइ भइरहेको छ । दैनिक, मासिक वा वार्षिकरूपमा चटचाङको अभिलेख राख्ने व्यवस्था छैन । कुन जिल्ला बढी प्रभावित भयो, जोखिमको प्रवृत्ति कस्तो छ भन्ने विषयमा विस्तृत विश्लेषण गर्न पनि कठिन हुने गरेको उनले बताए ।

थापाका अनुसार चटचाङको वैज्ञानिक अभिलेखले जोखिमयुक्त क्षेत्र पहिचान, पूर्वसूचना प्रणालीको विकास, विपद् व्यवस्थापन योजना निर्माण तथा जनधनको क्षति न्यूनीकरणका लागि महत्त्वपूर्ण आधार प्रदान गर्छ । त्यसैले प्रदेशका विभिन्न जिल्लामा लाइटनिङ डिटेक्सन नेटवर्क विस्तार गरी त्यसलाई नियमित सञ्चालनमा ल्याउन सके चटचाङसम्बन्धी तथ्यांक संकलन, अनुसन्धान तथा पूर्वतयारीका काम अझ प्रभावकारी हुने उनको भनाइ छ । *रासस*

साउदीमा रोजगार

कम्पनी : AL BARQ AL FIDILY LOGISTICS SERVICES ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 346334 | चलानी नं. ६०२५९६४९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Driver Of A Pickup Truck	26	0	1800	७३,३८३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Contact No. 9702699002
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

युएइमा रोजगारको अवसर Free Visa!! Free Ticket!!

कम्पनी : CONTINENTAL SHARJAH FOODS SOLE PROPRITORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/२७ | LT. No. 346500 | चलानी नं. ६०२५९६४०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Indoor)	0	5	1100	४५,७०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Arabic Coffee Maker	11	12	2200	९१,४३०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ६ गते (22nd Aug. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने	भिषा शुल्क कसले दिने	कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः	सेवा शुल्कः	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००/- रोजगारदाता कम्पनीले	निःशुल्क	रु.७००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!

शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: COMPASS CATERING SERVICES WLL.
कम्पनी : कम्पास क्याटरिङ सर्भिसेज डब्लुएलएल

Pre Approval Date : 2026-08-13 | पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346505 | एल टि न. ३४६५०५ | चलानी नं. ६०२५९६३९ | Invoice No. 60259639

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Chef/cook	20	5	1500	६२,८११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Office And Facility Cleaner	120	50	1000	४१,८७४							

Pre Approval Date : 2026-02-25 | पूर्व स्वीकृति मिति : २०८२/११/१३ | Pre Approval Date : 2026-08-14 | पूर्व स्वीकृति मिति : २०८३/०४/२९ | LT. No. 339514 | एल टि न. ३३९५१४ | चलानी नं. ६०२५९८७ | Invoice No. 6025987

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	4	0	1000	४१,८७४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Guest Service Agent	5	0	1000	४१,८७४							

The final interview will be conducted in the office on 22nd Aug. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ६ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical)	विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom	कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost	भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost	अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it	भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost
रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/-	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने | Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee | रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / प्रति तोला -	तेजाबी सुन / प्रति तोला -	चाँदी / प्रति तोला -
३०१६००	०	४६६०



बाँसका सामग्री | तराई मधेसमा श्रद्धापूर्वक मनाइने चौठचन पर्व नजिकिँदै जाँदा बाँसको सामग्री निर्माण गर्दै लहान-१२ बेली सिरहाका महेन्द्र मलिक डोम समुदाय । *तस्बिर : एलिना हिङमाङ/रासस*

दूरसञ्चार सेवाको गुणस्तर सुधार्न दिन निर्देशन

■ प्रभाव संवाददाता

काठमाडौं– सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर सुधारलाई प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

सञ्चार मन्त्रालयमा शुक्रबार नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमसँगको छलफलका क्रममा उनले टेलिफोन तथा इन्टरनेट सेवा कमजोर भएको गुनासो नागरिकबाट निरन्तर आइरहेको उल्लेख गर्दै सेवा विस्तार र गुणस्तर सुधारमा नियामक र सेवा प्रदायक दुवैले गम्भीर भएर परिणाममुखी काम गर्नुपर्ने बताएका हुन् ।

उक्त छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले नियामक निकाय र सेवा प्रदायक दुवै पक्षले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा जोड दिँदै नेपाल टेलिकमप्रति नागरिकको अपेक्षा धेरै रहेकाले त्यसअनुसार सेवा सुधार गर्न निर्देशन दिए ।

सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्रको 'रूपान्तरणको वर्ष' का रूपमा अघि बढाएको उल्लेख गर्दै उनले अब कामको परिणाम देखिनुपर्ने बताए । सञ्चारमन्त्रीले डा. तिमिल्सिनाले एकातर्फ दुर्गम र कतिपय सहरी क्षेत्रमै पनि नागरिकले टेलिफोन तथा इन्टरनेटको राम्रो सुविधा पाउन नसकेको तर अर्कोतर्फ ग्रामीण दूरसञ्चार विकासका लागि संकलन हुँदै आएको ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) को रकम प्रभावकारी रूपमा खर्च हुन नसकेको बताए ।

नागरिकबाट संकलित रकम नागरिककै सेवा विस्तारमा खर्च हुनुपर्ने उल्लेख गर्दै उनले दुर्गम तथा सेवा नपुगेका क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तारका लागि आरटिडिएफको प्रभावकारी परिचालन गर्न निर्देशन दिए ।

'आरटिडिएफको पैसा नागरिकको पैसा हो । त्यसबाट नागरिक लाभान्वित हुनुपर्‍यो । त्यसको प्रभावकारी कार्यान्वयन भएको छ कि छैन भनेर नियामकले नियमन गर्नुपर्‍यो, सेवा प्रदायकले राम्रो सेवा दिनुपर्‍यो,' उनले भने ।

सहरी तथा व्यावसायिक रूपमा लाभ हुने क्षेत्रमा सेवा प्रदायकले आफ्नै लगानीमा पूर्वाधार विस्तार गर्नसक्ने भए पनि आर्थिक प्रतिफल कम हुने दुर्गम क्षेत्रमा राज्यको भूमिका आवश्यक रहेको सञ्चारमन्त्री डा. तिमिल्सिनाको भनाइ थियो । कुनै स्थानमा मोबाइल टावर निर्माण गर्दा तत्काल व्यावसायिक नाफा नदेखिए पनि त्यहाँका नागरिकलाई सञ्चार सेवासँग जोड्नु राज्यको प्राथमिकता दायित्व रहेको उनले बताए । विशेषगरी दुर्गम क्षेत्रमा सेवा विस्तार गर्दा नाफा र प्रतिफल मात्र हेर्नुभन्दा नागरिकलाई आधारभूत दूरसञ्चार सेवामा पहुँच पुऱ्याउने विषयलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।



'लामो समयदेखि अघि बढ्न नसकेका टावर निर्माण तथा अप्टिकल फाइबर विस्तारसम्बन्धी ऋण आयोजनालाई तत्काल टुंग्याउन र ती आयोजना कसरी अगाडि बढाउने भन्ने विषयमा एक सातामित्र विस्तृत कार्ययोजनासहित निर्णय गर्नुहोस् !'

■ डा. विक्रम तिमिल्सिना
मन्त्री, सूचना तथा सञ्चार

त्यसैगरी, सञ्चारमन्त्री डा. तिमिल्सिनाले नेपाल टेलिकमलाई सेवा विस्तार तथा गुणस्तर सुधारका लागि स्पष्ट व्यावसायिक योजना बनाएर अघि बढ्न र हाल सञ्चालन आउन नसकेका तथा विस्तार गर्नुपर्ने आयोजनालाई गति दिन निर्देशन दिए । अप्टिकल फाइबर विस्तारको कामलाई तीव्रता दिन पनि उनले निर्देशन दिएका छन् । लामो समयदेखि अघि बढ्न नसकेका टावर निर्माण तथा अप्टिकल फाइबर विस्तारसम्बन्धी ऋण आयोजनालाई तत्काल टुंग्याउन र ती आयोजना कसरी अगाडि बढाउने भन्ने विषयमा एक सातामित्र विस्तृत कार्ययोजनासहित निर्णय गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

दूरसञ्चार पूर्वाधार विस्तारका क्रममा विभिन्न सरकारी निकायबीच समन्वय अभावका कारण काममा ढिलाइ हुन नहुने भन्दै उनले सडक विभाग, नेपाल विद्युत् प्राधिकरणलगायत सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी तत्काल परिणाम देखिनेगरी काम गर्न निर्देशन दिएका हुन् ।

छलफलमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले आरटिडिएफको रकम प्रयोग गरी सेवा विस्तारका लागि प्राधिकरणले लामो समयदेखि काम गर्दै आए पनि कतिपय आयोजना अझै सम्पन्न हुन नसकेको जानकारी गराए । उनका अनुसार कोशी, बागमती र मधेस प्रदेशमा अप्टिकल फाइबर विस्तारका लागि आरटिडिएफको रकम परिचालन गर्नेगरी अघि बढाइएका आयोजना निर्धारित समयमा सम्पन्न हुन सकेका छैनन् । आयोजना सम्पन्न नभएका कारण त्यससम्बन्धी भुक्तानीसमेत हुन नसकेको उनले बताए ।

सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा आरटिडिएफमार्फत दूरसञ्चार सेवा विस्तारका आयोजना अघि बढाइएका छन् । दुर्गम तथा सेवा विस्तारका दृष्टिले चुनौतीपूर्ण क्षेत्रमा आरटिडिएफको रकम परिचालन गर्न आवश्यक समन्वय प्राधिकरणले गर्ने अध्यक्ष घिमिरेले बताए । अध्यक्ष घिमिरेले दूरसञ्चार सेवा विस्तारका लागि आवश्यक आर्थिक स्रोत, प्रविधि र जनशक्ति भए पनि नागरिकका गुनासा अपेक्षाअनुसार सम्बोधन गर्न नसकिएको स्वीकार गरे ।

सहरी तथा व्यावसायिक रूपमा लाभ हुने क्षेत्रमा सेवा प्रदायकले आफ्नै लगानीमा पूर्वाधार विस्तार गरिरहेको भए पनि आर्थिक प्रतिफल कम हुने दुर्गम क्षेत्रमा राज्यको लगानी आवश्यक रहेको उनले बताए ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडीले कम लगानी प्रतिफल हुने दुर्गम क्षेत्रमा दूरसञ्चार सेवा विस्तार चुनौतीपूर्ण रहेको बताइन् । त्यस्ता क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा विस्तारका लागि थप फ्रिक्वेन्सी, ब्याण्डविथ र पूर्वाधार आवश्यकपर्ने उनको भनाइ थियो । दुर्गम क्षेत्रमा स्याटालाइट ब्याण्डविथ खरिद गरेर सेवा सञ्चालन गर्नुपर्ने अवस्थामा लागत उच्च हुने र त्यसअनुसार आर्थिक प्रतिफल निकै कम हुने भएकाले त्यस्तो खर्चमा आरटिडिएफको रकम परिचालन गर्न सकिने प्रस्ताव प्रबन्ध निर्देशक पहाडीले गरिन् ।

हाल कतिपय दुर्गम स्थानमा नेपाल टेलिकमले २जी सेवा मात्र सञ्चालन गर्न सक्ने अवस्था रहेको उल्लेख गर्दै उनले त्यस्ता क्षेत्रमा ४जी सेवा विस्तार गर्न थप लगानी आवश्यक पर्ने बताइन् । २जीको तुलनामा ४जी सेवा विस्तार गर्दा ब्याण्डविथको लागतसमेत उल्लेख्य रूपमा बढ्ने भएकाले दुर्गम क्षेत्रमा उच्चगतिको मोबाइल इन्टरनेट सेवा पुऱ्याउन थप स्रोत आवश्यकपर्ने उनले जानकारी दिइन् ।

नेपाल टेलिकमले चालु आर्थिक वर्षमा करिब एक हजार किलोमिटर अप्टिकल फाइबर विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ । यद्यपि वार्षिक लक्ष्यअनुसारको कामलाई मात्र सीमित नराखी थप प्रगति गर्ने योजना रहेको टेलिकमले जनाएको छ । आरटिडिएफको रकममार्फत अप्टिकल फाइबर विस्तारका लागि आवश्यक सुविधा उपलब्ध गराउनसमेत टेलिकमले आग्रह गरेको छ । सहरी क्षेत्रमा दूरसञ्चार तथा इन्टरनेट सेवाका लागि विस्तार गरिएका अव्यवस्थित तारको व्यवस्थापनको विषयमा छलफल भएको छ ।

हतारमा नीति र ऐन ल्याउने परिपाटी अन्त्य गर्न निजी क्षेत्रको आग्रह

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नयाँ नीति, ऐन तथा कानुन निर्माण हतारमा गर्ने प्रवृत्ति अन्त्य गरिनुपर्ने बताएका छन् ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)को ५९औँ वार्षिक साधारणसभामा उनले निजी क्षेत्रसँग मागिएका सुझाव प्रभावकारी रूपमा नसमेट्ने प्रवृत्तिले नीति कार्यान्वयनमा समस्या आउने गरेको घटना सुनाए ।

उनले भने, 'कुनै पनि नीति वा ऐन ल्याउनुअघि पर्याप्त छलफल र संवाद आवश्यक छ, हतारमा सुझाव माग्ने र त्यसपछि सुझाव समेटिएन भनेर निजी क्षेत्र निरास हुने अवस्था अन्त्य हुनुपर्छ ।'

नीति निर्माण प्रक्रियामा निजी क्षेत्रलाई केवल साक्षीका रूपमा मात्र उपस्थित नगराई वास्तविक साझेदारका रूपमा सहभागी गराउनुपर्ने अध्यक्ष श्रेष्ठले धारणा राखे । अर्थतन्त्रमा निजी क्षेत्रको ठूलो योगदान रहेकाले व्यावसायिक वातावरण सुधार, लगानी विस्तार र रोजगारी सिर्जनासम्बन्धी नीति बनाउँदा निजी क्षेत्रको अनुभव र सुझावलाई गम्भीरतापूर्वक लिनुपर्ने उनको भनाइ थियो ।

सरकार र निजी क्षेत्रबीचको सम्बन्ध नियन्त्रणमुखी नभई विश्वास र साझेदारीको हुनुपर्नेमा जोड दिँदै अध्यक्ष श्रेष्ठले व्यावसायिक वातावरण सहज र लगानीमैत्री बनेमा निजी क्षेत्र बलियो भई समग्र अर्थतन्त्र तथा सरकारको राजस्वसमेत वृद्धि हुने बताए । उनले नेपालको अर्थतन्त्रलाई दिगो र सन्तुलित बनाउन पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

'ग्यासको अनावश्यक सञ्चय नगरौं'

■ प्रभाव संवाददाता

काठमाडौं– उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले साविकको तुलनामा खाना पकाउने एलपी ग्यासको आपूर्ति बढिरहेको जनाउँदै आवश्यक मात्रामा मात्र ग्यासको खरिद गर्न आम उपभोक्तामा आग्रह गरेको छ ।

मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता नेत्रप्रसाद सुवेदीले ग्यासको बिक्री वितरणलाई सरकारले सहज बनाउँदै लगेको बताए । 'आफूलाई हालका लागि आवश्यक पर्ने मात्रामा मात्र खरिद गरौं । पछि नपाइएलाकी भन्ने चिन्ता र समस्याबाट मुक्त बन्नुहोस् । अनावश्यक सञ्चय पनि नगरौं', उनले भने ।

यही साउन १ देखि २९ गतेसम्म भारतबाट दुई हजार ७८१ बुलेट ग्यास आयत भएको जानकारी दिँदै प्रवक्ता सुवेदीले दैनिक औसत एक लाख ३२ हजार सिलिण्डर बजारीकरण भइरहेको स्पष्ट पारे । नेपाल आयल निगमका अनुसार विगतमा दैनिक एक लाख १० हजार सिलिन्डर बजारीकरण हुने गरेको थियो । यही साउन २६ गते मात्रै १३४ बुलेट ग्यास आयत भएको थियो ।

बढ्दो माग र आपूर्तिबीच सन्तुलन ल्याउन मन्त्रालयले सरोकार भएका निकायका प्रतिनिधिसँग आवश्यक समन्वय गरी आपूर्ति तथा वितरण व्यवस्थालाई थप प्रभावकारी बनाउने कार्य गरिरहेको प्रवक्ता सुवेदीले जानकारी दिए ।

हाल नियमित रूपमा मासिक ४९ हजार ५०० मेट्रिकटन ग्यास आपूर्ति भइरहेकामा तीन महिनाका लागि ६० हजार मेट्रिकटन पुऱ्याइदिन परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई अनुरोध गरिएको उनको भनाइ छ ।

कर्पोरेट

सेयर खरिद-बिक्री प्रतिवेदनपछि सरकारको कदमप्रति एनसेलको कडा आपत्ति

Ncell

काठमाडौं (प्रस)– नेपाल सरकारले एनसेलको सेयर खरिद-बिक्री सम्बन्धमा गठन गरेको टङ्कमणि शर्मा दंगाल नेतृत्वको छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरेपछि निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले कडा आपत्ति जनाएको छ । मन्त्रिपरिषद्को निर्णयका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'एनसेलको सेयर खरिद-बिक्री सम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८०' वेबसाइटमार्फत सार्वजनिक गरेपछि कम्पनीले विज्ञप्ति जारी गर्दै सरकारको सो कदमको घोर भर्त्सना गरेको हो । एनसेलका अनुसार सुशासन र पारदर्शिताको बहानामा कानुनले नै गोप्य राख्नुपर्ने संवेदनशील तथा व्यावसायिक जानकारीहरू सार्वजनिक गरिएको छ । कम्पनीले सरकारको यो कार्यलाई नेपालको संविधानको धारा २८ द्वारा प्रदत्त गोपनीयताको हकको गम्भीर उल्लंघन भनेको छ ।

साथै, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५, आयकर ऐन २०५८ र मूल्य अभिवृद्धि कर ऐन २०५२ ले दिएको करदाता तथा विवरणको गोपनीयताको अधिकार समेत कुण्ठित भएको दाबी गर्दै कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अनुसार कानुनी उपचार खोज्ने अधिकार सुरक्षित राखेको स्पष्ट पारेको छ ।

कम्पनीले यसअघि उच्च अदालतले उक्त प्रतिवेदन सार्वजनिक गर्नेसम्बन्धी रिट खारेज गरिसकेको अवस्थामा अदालतको आदेश विपरीत प्रतिवेदन सार्वजनिक गरिनु न्यायिक मर्यादाको उल्लंघन र ऐतिहासिक दुर्भाग्यपूर्ण घटना भएको बताएको छ ।

छानबिन समितिले अनुसन्धानका क्रममा संकलन गरेका विवरणहरू सरकारले कसुर यकिन वा अनुसन्धानका लागि प्रयोग गर्न सक्ने भए पनि सर्वसाधारणका लागि खुला गर्न पाउने कानुनी अख्तियारी नभएको एनसेलको भनाइ छ ।

सरकारको यो कदमले अन्तर्राष्ट्रिय स्तरमा विदेशी लगानीकर्ताको विश्वास गुम्ने र देशमा लगानीको वातावरण थप धमिलिने चेतावनी एनसेलले दिएको छ । यस कार्यबाट कम्पनी, यसका सेयरधनी, सञ्चालक तथा हितग्राहीहरूलाई अपूरणीय क्षति पुगेको र उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने तथा व्यापार व्यवसाय गर्ने मौलिक हक खोसिएको उल्लेख गर्दै एनसेलले कसुरदारमाथि सजाय र क्षतिपूर्तिको मागसहित आवश्यक कानुनी कदम चाल्ने जनाएको छ ।

वर्षा सिवाकोटीले नाइमामा गरिन् एमजी एस-६ बुकिङ



काठमाडौं (प्रस)– नेपाली अभिनेत्री वर्षा सिवाकोटीले नाइमा नेपाल मोबिलिटी एक्स्पो- २०२६ मा एमजी एस-६ बुकिङ गरेकी छन् । वर्षाले पारामाउण्ट मोटर्स अन्तर्गत रहेको स्टलमा पुगेर सवारीसाधनको अवलोकन गरेपछि उनले बुकिङ गरेकी हुन् । आकर्षक डिजाइन, अत्याधुनिक प्रविधि र प्रिमियम इलेक्ट्रिक मोबिलिटी बाट प्रभावित हुँदै सिवाकोटीले उक्त मोडल रोजेकी हुन् । बुकिङको अवसरमा एमजी एसएमईएलका अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन प्रतिनिधिले उनलाई गाडीको साँचो हस्तान्तरण गरे ।

यसैबीच, नाइमा एक्स्पोमा एमजीका एमजी यू-९ इभी र एमजी एचएस एचइभी गरी दुई नयाँ मोडलसमेत सार्वजनिक गरेको छ । नयाँ मोडलहरूको सार्वजनिकसँगै प्रदर्शनीमा एमजीका सवारीसाधनप्रति आगन्तुकहरूको आकर्षण थप बढेको छ । श्रावण २६ देखि सुरु भएको नाइमा एक्स्पो आइतबारसम्म सञ्चालन हुनेछ ।

राष्ट्रिय वाणिज्य बैंकको नाफा ६०.६८ प्रतिशतले बढ्यो

काठमाडौं (प्रस)– नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म रु चार अर्ब ५५ करोड ६८ लाख खुद मुनाफा आर्जन गरेको छ ।

बैंकले सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा बैंकको खुद मुनाफा ६०.६८ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंकको खुद मुनाफा रु दुई अर्ब ८३ करोड ६० लाख थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालका अनुसार कर्जा लगानी र आम्दानीमा भएको उत्साहजनक वृद्धि तथा सम्भावित जोखिमका लागि छुट्याइएको इम्पेयरमेन्ट चार्ज घटेका कारण खुद मुनाफा बढेको हो ।

आर्थिक वर्ष २०८२/८३ मा बैंकको खुद ब्याज आम्दानी रु ११ अर्ब ९६ करोड ६१ लाख पुगेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा १७.८५ प्रतिशतले बढी हो । त्यसैगरी बैंकको कूल सञ्चालन आम्दानी रु १३ अर्ब १८ करोड ५५ लाखबाट १४.१९ प्रतिशतले बढेर रु १५ अर्ब पाँच करोड ६६ लाख पुगेको प्रमुख कार्यकारी अधिकृत खनालले जानकारी दिए ।

बैंकको खुद सञ्चालन नाफा (करअघिको) रु तीन अर्ब ९४ करोड २० लाखबाट ६४.२६ प्रतिशतले बढेर रु छ अर्ब ४७ करोड ५३ लाख पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा वितरणयोग्य मुनाफा नरहेकोमा आर्थिक वर्ष २०८२/८३ मा रु एक अर्ब सात करोड ६९ लाख वितरणयोग्य मुनाफा रहेको छ ।

गत असार मसान्तसम्म बैंकको कूल समग्र आम्दानी रु तीन अर्ब ९० करोड ८९ लाख रहेको छ । प्रमुख कार्यकारी अधिकृत खनालका अनुसार सोही अवधिमा बैंकको कूल निक्षेप रु छ खर्ब ८६ अर्ब १३ करोड तथा खुद कर्जा तथा सापट रु तीन खर्ब ४० अर्ब ३३ करोड पुगेको छ ।

अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेप ३७.११ प्रतिशत र कर्जा तथा सापट १२.५० प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय वाणिज्य बैंकको २०८३ असार मसान्तसम्म पुँजी कोष अनुपात ११.४० प्रतिशत, कर्जा तथा निक्षेप अनुपात ५०.८७ प्रतिशत र असारको आधारदर ४.२० प्रतिशत रहेको छ । बैंकको त्रैमासिक औसत आधार दर ४.२२ प्रतिशत रहेको छ ।

बैंकको निष्क्रिय कर्जा अनुपात (एनपिए) ३.९५ प्रतिशत, ब्याजदर अन्तर (क्युचभबम च्वतभ) ३.३७ प्रतिशत, कोषको लागत दर (ऋयकत या ँगलम) २.९६ प्रतिशत तथा प्रतिसेयर आम्दानी रु २९.१४ रहेको छ ।

हाल उक्त बैंकले देशका सातै प्रदेशका ७७ वटै जिल्लाबाट वित्तीय सेवा प्रवाह गरिरहेको छ । ग्रामीणदेखि सहरी क्षेत्रसम्म फैलिएको बैंकका ३१६ वटा शाखा कार्यालय, ३३५ वटा एटिएम तथा एक लाख ४८ हजार क्यूआर मर्चेन्ट सञ्चालनमा रहेको प्रमुख कार्यकारी अधिकृत खनालले जानकारी दिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ